का.जि.प्र.का.द.नं. १००/०५९/६०
२० भदौ २०८२
शुक्रबार
5 September 2025
Friday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु





# प्रतिवेदनको पर्खाइमा दैलेखको पेट्रोलियम खानी

यो परियोजना सफल भए करिब ५० वर्षसम्म नेपालमा पेट्रोलियम पदार्थको आवश्यकतालाई पूरा गर्न सक्ने आँकलन



हामी यसको अन्तिम प्रतिवेदनको पर्खाइमा छौं । २०२५ को अन्तिमसम्म चीनले प्रतिवेदन पठाउने कुरा छ, त्यसपछि मात्रै अन्य काम अघि बढ्छ ।

**प्रकाश लुइँटेल**
सूचना अधिकारी एवं भूगर्भविद्
पेट्रोलियम अन्वेषण परियोजना



परियोजनाको प्रतिवेदन नआएकाले उपकरण थन्क्याएर राखिएको निर्माण स्थलको सुरक्षा प्रदान गर्नेबाहेक अन्य काम केही काम भएको छैन

**बद्रीनाथ गैह्रे**
प्रमुख जिल्ला अधिकारी
दैलेख

**जीवन शर्मा/मध्यान्ह**
दैलेख, १९ भदौ

दैलेखको भैरवी गाउँपालिका-१ स्थित जललेको पेट्रोलियम पदार्थ भण्डार केन्द्र अन्तिम प्रतिवेदनको पर्खाइमा छ । खानी तथा भूगर्भ विभागको नेतृत्वमा चीनको जिओलोजिकल सर्भे कम्पनीले लामो अन्वेषणपश्चात् सुरु गरेको परियोजनाको अन्तिम प्रतिवेदन नआउँदा व्यावसायिक उत्पादन गर्ने कार्य अन्योलमा रहेको हो ।

२०७८ वैशाख २८ गतेदेखि सुरु गरिएको ड्रिलिङ अहिले ४ हजार १३ मिटरको गहिराइमा पुर्‍याइएको छ । यसबाट संकलित नमुना परीक्षणअनुसार १ अर्ब १२ करोड घनमिटर मिथेन ग्यासको भण्डारण रहेको पाइएको खानी विभागले जनाएको छ । यसले करिब ५० वर्षसम्म नेपालको ग्यास आवश्यकतालाई पूरा गर्न सक्ने सरकार पक्षको आँकलन छ ।

दैलेखमा पेट्रोलियम पदार्थको भण्डारण पत्ता लागेको खबरले उत्साह छाएको स्थानीय धिर्जा थापाले बताइन् । परियोजनाबाट सिंगो मुलुकले राम्रो फाइदा लिने अपेक्षा गरिएको छ । यद्यपि यस परियोजनाले कहिले सफलता प्राप्त गर्छ भन्ने अझै अन्योल कायमै छ ।

परियोजनाको अन्तिम प्रतिवेदनको पर्खाइमा सरकार रहेको खानी तथा भूगर्भ विभागअन्तर्गत पेट्रोलियम अन्वेषण योजना कार्यालयमा कार्यरत भूगर्भविद् प्रकाश लुइँटेलले बताए । 'दैलेखको

पृष्ठ २ मा

# भारतमाथि अमेरिकी भन्सार दर, नेपाललाई अवसर



लगानीका लागि नेपाल आउन थाले भारतीय व्यवसायी

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, १९ भदौ

अमेरिकाले छिमेकी मुलुक भारतमाथि ५० प्रतिशत भन्सार शुल्क लगाएसँगै तयारी पोसाक र गलैंचा उद्योगमा भारतीय व्यवसायी चासो देखाउन थालेका छन् । भारतबाट अमेरिकामा निर्यात हुने तयारी पोसाक, गलैंचा, जडीबुटी, पस्मिना, हस्तकलाका सामान निर्यात गर्दा महँगो पर्ने भएपछि भारतीय लगानीको कर्ताको नजर नेपालमाथि पर्न थालेको छ । अमेरिकाले भन्सारदर बढाएसँगै भारतमा उत्पादित तयारी पोसाकदेखि हस्तकलाका समानको मूल्य निकै नै महँगो हुने भएपछि भारतीय व्यवसायीले नेपालको तयारी पोसाक, गलैंचा, हस्तकलालगायतका उद्योगमा लगानी गर्न चासो देखाएको व्यवसायी बताउँछन् । नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष हेमराज ढकालले नेपाली गार्मेन्ट क्षेत्रका लागि अमेरिकी कर नीतिले स्वर्णिम युग बन्ने बताए । उनले भने, 'सरकारले अब लगानी प्रोत्साहन गर्ने नीति ल्याउनुपर्छ । तयारी पोसाक र गार्मेन्ट क्षेत्रलाई विस्तार गर्ने सही समय भएकाले उपयोग गर्नुपर्छ ।

पृष्ठ २ मा

# नागरिकको मुख थुन्ने प्रयास




**डा. शेखर कोइराला**
नेता, नेपाली कांग्रेस

जनचाहना र आफ्नै प्रतिबद्धताअनुरूप काम गर्न नसकेपछि आलोचना खेप्न बाध्य भएको सरकारले फेसबुकलगायतका सामाजिक सञ्जाल बन्द गर्न लागेको छ ।



**गोकुल बास्कोटा**
सांसद, नेकपा एमाले

सामाजिक सञ्जाल नियमन प्रविधिको प्रबन्ध मिलाउने र कानुन बनाउने भनेको थिएँ मैले । तर सरकारले नर्थ कोरिया पो बनाउने भएछ । विकृति अन्त्य गर्न सूचनामा बिर्को लगाउने होइन नि ।



**अग्नि सापकोटा**
प्रवक्ता
नेकपा माओवादी केन्द्र

सामाजिक सञ्जाल नियमन गर्नुपर्ने भएपछि सरकारको गतिविधि हेर्दा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्न खोजेजस्तो देखिन्छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ भदौ

सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णयको चौतर्फी विरोध भएको छ । सत्ताको नेतृत्वकर्ता नेकपा एमालेका केही नेतासहित सबै राजनीतिक दल र सरोकारवालाहरूले सरकारको निर्णयप्रति आपत्ति जनाएका हुन् ।

नेपालमा सञ्चालनमा रहेका सरकारको मातहत सूचीकरणमा नआएका फेसबुकसहित २६ प्रकारका सामाजिक सञ्जाललाई बिहीबारबाटै बन्द गर्ने निर्णय गरेको छ । सरकारले पटकपटक दर्ता प्रक्रियामा आउन ताकेता गरे पनि अटेर गरेपछि निष्क्रिय गर्ने निर्णय गरेको नेपाल सरकारका सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले बताए ।

'सरकारले सामाजिक सञ्जाल प्ल्याटफर्मलाई नियमन गर्न खोजेको हो नियन्त्रण होइन,' उनले भने, 'त्यसका लागि नेपाल सरकारसमक्ष दर्ता प्रक्रियामा आउन पटकपटक आग्रह गर्दा पनि नआएपछि बन्द गर्ने निर्णय भएको हो । कुनै पनि माध्यमबाट ती प्ल्याटफर्महरू

पृष्ठ २ मा



# प्रधानमन्त्रीको भारत भ्रमण अनिश्चित

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १८ भदौ



प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमण अनिश्चित भएको छ । यही भदौ ३१ गतेबाट भारत भ्रमण हुने भनिएको थियो । तर बिहीबारसम्म प्रधानमन्त्रीको भारत भ्रमणको मितिबारे परराष्ट्र मन्त्रालय मौन छ ।

सामाजिक सञ्जालमा कतिपयले प्रधानमन्त्रीको भमण तत्काल नहुने भनेर समेत लेख्न थालेका छन् । सामाजिक प्रयोगकर्ता मदन रेग्मीले 'प्रधानमन्त्री ओली भारत नजानुहुने भयो' भनेर लेखेका छन् । लिपुलेकबारे कुरा उठाएपछि भारत चिढिएको हुन सक्ने उनको आशंका छ ।

नेपाली भूमि लिपुलेकलाई व्यापारिक मार्ग

पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# श्रीमान् बेपत्ता भएपछि दूतावास गुहार्दै श्रीमतीहरू

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ भदौ

कुनै पनि मुलुकमा रहेको नेपाली दूतावासको मुख्य जिम्मेवारी दुई मुलुकबीचको सम्बन्ध सुदृढीकरणका साथै आर्थिक, पर्यटकीयलगायतका विषयमा लगानी अभिवृद्धि गर्नु हो । यसका अतिरिक्त सो मुलुकमा रहेको नेपाली समुदायको रेखदेख, उनीहरुलाई परेको समस्या समाधानका लागि प्रयास गर्नु पनि दूतावासको मुख्य जिम्मेवारी हो ।

तर पछिल्ला दिनमा मलेसियास्थित नेपाली दूतावासको जिम्मेवारी थपिएको छ । खासगरी वैदेशिक रोजगारीका लागि गएका श्रीमान्ले घर सम्हालेर बसेकी श्रीमतीलाई वर्षौंसम्म बेवास्ता गरेपछि हाल नेपाली दूतावासमा बेपत्ता भएका श्रीमान्को खोजी गरिदिन नेपालबाट बाक्लै निवेदन पर्ने गरेका छन् ।

दूतावासमा कार्यरत काउन्सिलर श्रम कृष्णप्रसाद भुसाल दूतावासमा प्राप्त निवेदनका आधारमा घर परिवार बिर्सेर वर्षौंसम्म मलेसियामा हराउने श्रीमान्हरूको संख्या बढेको बताउँछन् । सरकारले विदेशस्थित नेपाली दूतावासबाटै पुनः श्रम स्वीकृति दिन थालेपछि उतैको रसरंगमा भुलेर घर फर्किन नचाहनेको संख्या बढेको कतिपयको अनुमान छ ।

काउन्सिलर श्रम भुसालले वृद्ध आमाबुबा र बाटो कुरेर बसेकी जीवनसंगिनीलाई नभुल्न आग्रह गर्दै दूतावासले मलेसियाका विभिन्न सहरमा जागरण अभियान चलाउने जानकारी दिए । मलेसियामा नेपालमा विभिन्न कुलतमा फसेका, विलासी शैली अपनाउने, महिला

पृष्ठ २ मा

## वैदेशिक रोजगारीका नाममा ठग्ने चार पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारीका लागि विभिन्न देशमा पठाइदिन्छ भनी ठगी गर्ने चार जनालाई प्रहरीले पक्राउ गरेको छ । काठमाण्डौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुका अनुसार युवायुवतीलाई आकर्षक तलबको प्रलोभनमा पारी रोजगारीका लागि विभिन्न देशमा लैजाने भन्दै लामो समयसम्म झुक्यानमा राखेर विदेश नपठाई सम्पर्कविहीन भएको उजुरी परेपछि प्रहरीले

पृष्ठ २ मा

## मलेसियामा हात्तीको आक्रमणमा परी नेपाली कामदार गम्भीर घाइते

**काठमाडौं/मस-** मलेसियाको गुआ मुसाङमा जंगली हात्तीको आक्रमणमा परी एक नेपाली कामदार गम्भीर घाइते भएका छन् । बुधबार ५४ वर्षीय मुतीबहादुर बयाम्बुले मोटरसाइकलमा निवासमा फर्किरहेका बेला हात्तीको पाइला देखेर पछ्याउने प्रयास गरेपछि उनलाई हात्तीले अचानक सुँडले समातेको थियो ।

हात्तीले उनलाई लगभग सय मिटर घिसार्दै लगेर

पृष्ठ २ मा

KSL HOLDINGS BERHAD

**मलेसियाको FOUR STAR HOTEL मा रोजगार**

कम्पनी : KHOO SOON LEE REALTY SDN BHD
शहर : MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०५/१८
चलानी नं.: ६०२४४३९१
LT. No.:330544

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | House Keeping | 30 | 0 | स. काममा दक्ष | 1700 | ५६,५४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २७ गते (12 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SWIFT HR GROUP & Management Services Pvt. Ltd.
ईजाजत न.: ८०१/०६५/०६६

**SWIFT H.R. GROUP AND MANAGEMENT SERVICE PVT.LTD.**
Samakhushi-26, Town Planing, Kathmandu, Nepal | Tel : 01-4385028
E-mail: Swifthrgroup@gmail.com. Mobile: 9851363948/ 9808270475.

मध्यान्ह
www.madhyanhadaily.com
२० भदौ २०८२ शुक्रबार
5 September 2025 Friday

# एमाले विधान महाधिवेशन आजदेखि

**काठमाडौं ⁄ मस–** नेपाल कम्युनिष्ट पार्टी (एमाले) को दोस्रो विधान महाधिवेनशन आजदेखि सुरु हुँदैछ ।

पार्टीका प्रचार विभाग प्रमुख राजेन्द्र गौतमका अनुसार पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले महाधिवेनशनको उद्घाटन गर्ने कार्यक्रम छ। महाधिवेशनमा दुई हजार २६ जना प्रतिनिधि र ३१५ जना आयोजक सहभागी हुँदैछन् ।




### निर्णायक राष्ट्रिय शक्ति

निर्माण हाम्रो संकल्प, समृद्ध नेपाल, सुखी नेपाली राष्ट्रिय गन्तव्य' नाराका साथ सम्पन्न हुने महाधिवेशनमा पार्टी अध्यक्ष ओलीले राजनीतिक प्रतिवेदन, उपाध्यक्ष विष्णुप्रसाद पौडेलले विधान संशोधनसम्बन्धी प्रस्ताव र महासचिव पोखरेलले संगठनात्मक प्रतिवेदन प्रस्तुत गर्नेछन् । केन्द्रीय अनुशासन आयोगका अध्यक्ष केशव वडाल, लेखा आयोगका अध्यक्ष डा.पुष्प कँडेल, केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष डा। विजय सुब्बा र केन्द्रीय सल्लाहकार परिषदका अध्यक्ष अमृतकुमार बोहोराले आ-आफ्ना आयोगका प्रतिवेदन प्रस्तुत गर्नेछन् । प्रस्तुत प्रतिवेदनमा समूहगत छलफल हुनेछ ।

प्रचार विभाग प्रमुख गौतमका अनुसार पार्टी अध्यक्ष ओलीले प्रस्तुत गर्ने राजनीतिक प्रतिवेदनमा विकसित राष्ट्रिय एवं अन्तरराष्ट्रिय परिस्थितिको विश्लेषण गर्दै वर्तमानका मुख्य चुनौती, पार्टीको कार्यदिशा, कार्यभारलगायत विषय समेटिएका छन् । प्रतिवेदनमा जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समाजवादको आधार निर्माण गर्न र नेपाली विशेषतासहितको समाजवाद स्थापना गर्ने विशेष राजनीतिक प्रस्ताव तथा 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षालाई पार्टीको गन्तव्यको रूपमा अगाडि बढाउने मार्गचित्र समेटिएको बताइएको छ ।

# कर्मचारीले कुनै पनि पार्टीको आदेश मानेर काम गर्नु हुँदैन : देउवा

**काठमाडौं ⁄ मस–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले कर्मचारीले कुनैपनि पार्टीको लागि काम गर्न नपाइने बताएका छन् ।



बिहीबार काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै सभापति देउवाले यस्तो बताएका हुन्। उनले कर्मचारीले कुनै पार्टीको लागि नभइ समग्र देश र जनताको लागि काम गर्नुपर्ने बताए । देश, राष्ट्र, विधानअनुसारको काम गर्न कर्मचारीहरुलाई निर्देशन दिए । निर्वाचनमा कसलाई मत दिने भन्नेकुरा व्यक्तिगत कुरा भएको उल्लेख गर्दै पार्टीको आदेश मानेर कर्मचारीले काम गर्न नहुने बताए ।

सभापति देउवाले भने, 'संसदमा सबैभन्दा ठूलो पार्टी हाम्रो छ त्यसकारण हामीले तपाईंहरुका कुराहरु लागू गर्न सक्दछौं । हामी अरु पार्टीलाई पनि सहभागी गराउनसक्छौं । कर्मचारीको हक हित हेर्ने हो । कर्मचारीले कुनैपनि पार्टीको लागि काम गर्न पाइँदैन । देशको, राष्ट्रको, विधानको अनुसार देशको काम गर्ने हो। कुनै पार्टीको लागि काम गर्ने होइन । चुनावमा कसलाई भोट दिने कसलाई नदिने उसको कुरा हो त्यो। तर पार्टीको आदेश मान्ने होइन ।'

सभापति देउवाले सरकारी सेवाहरु चुस्त र दुरुस्त बनाउन कर्मचारीहरु त्रियाशिल हुनुपर्ने बताए। २१ औं शताब्दीको आकांक्षाअनुरुप जनतालाई छिटो, छरितो सेवा दिनुपर्ने बताए ।

# नेपाली सेनालाई दुई स्काइ ट्रक हस्तान्तरण

**काठमाडौं ⁄ मस–** परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले नेपाल र अमेरिकाबीच विश्वासमा आधारित एवं दिगो र ऐतिहासिक सम्बन्ध रहिआएको बताएकी छन् ।

संयुक्तराज्य अमेरिकाले नेपाली सेनालाई उपलब्ध गराएको दुई स्काइ ट्रक हस्तान्तरण गर्न बिहीबार आयोजित सामारोहमा मन्त्री डा.राणाले उक्त सहयोग नेपाल र अमेरिकाबीचको दिगो मित्रता र सहकार्यको प्रतिक रहेको बताइन् ।

अमेरिका प्रजातान्त्रिक शासन प्रणालीको सुदृढीकरण, मानवतावादी सहयोग, विपद् व्यवस्थापन, शान्ति स्थापना तथा क्षमता विकासमा नेपालको एक विकास साझेदार र भरपर्दो मित्र रहेको उनले स्पष्ट गरिन् ।



मन्त्री डा.राणाले अमेरिकासँगको नेपालको मित्रता र सहकार्य सधैँ शान्ति, स्थायित्व तथा मानव सेवाको उद्देश्यमा समर्पित रहेको उल्लेख गर्दै नेपाललाई गर्दै आएको निरन्तर सहयोगका लागि अमेरिकी सरकार र अमेरिकी जनतालाई धन्यवाद ज्ञापन गरिन् । मन्त्री डा.राणाले निरन्तर समर्पण र अनुशासनका साथै राष्ट्रियता, विश्व शान्ति तथा सुरक्षाप्रति अटूट प्रतिबद्धता प्रदर्शन गर्दै आएकामा नेपाली सेनाको प्रशंसा गरिन् । समारोहमा परराष्ट्रमन्त्री डा राणा, रक्षामन्त्री मानवीर राई र प्रधानसेनापति अशोकराज सिग्देललाई अमेरिकी राजदूत डिन आर थम्पसनले ती स्काइ ट्रक हस्तान्तरण गरेका थिए । स्काइ ट्रक विपद् र उद्धारका क्रममा सेवा दिन तथा एयर एम्बुलेन्सको रूपमा पनि प्रयोग गर्न सकिनेछ ।

# जिम्मेवारी वहन गर्न नवनियुक्त आइजिपी खापुङको निर्देशन

**काठमाडौं ⁄ मस–** नवनियुक्त प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङले सामूहिक भावना र भातृत्वभावका साथ आआफ्नो जिम्मेवारी बहन गर्न मातहतका कर्मचारीलाई निर्देशन दिएका छन् ।



प्रहरी महानिरीक्षकको जिम्मेवारी सम्हालेपछि प्रहरी प्रधान कार्यालयमा बिहीबार आयोजित समारोहमा उनले संगठनको दीर्घकालीन श्रीवृद्धि, व्यावसायिकता र प्रतिष्ठाको प्रवर्द्धनका लागि सकारात्मक सोच, सक्रियता र उत्तरदायित्व बोध गरी खटिन निर्देशन दिए ।

प्रहरी महानिरीक्षक खापुङले फौजदारी न्याय प्रणालीको प्रमुख अंगका रूपमा प्रहरीले देशव्यापी सञ्जालमार्फत अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धानका साथै शान्ति सुरक्षा, ट्राफिक व्यवस्थापन, विपद् व्यवस्थापनलगायत कार्यमा राज्यको पहिलो प्रतिनिधिको रूपमा आफ्नो उपस्थिति देखाउनुपर्ने बताए ।

उनले आमनागरिकको अपेक्षालाई शिष्ट आचरण एवम् व्यवहारका साथ सम्बोधन गर्दै आम नागरिकको हृदयमा आस्था, विश्वास र भरोसा कायम राख्ने गरी कार्यसम्पादन गर्नुपर्नेमा जोड दिए ।

प्रहरी महानिरीक्षक खापुङले राष्ट्र र नागरिक सेवामा आफ्नो निजी स्वार्थ तथा व्यक्तिगत लाभभन्दा माथि उठेर जिम्मेवारी निर्वाह गर्न निर्देशन दिँदै संगठनले निर्दिष्ट गरेको अनुशासन पालना र व्यावसायिक प्रहरी कर्मचारीको मर्यादाको सीमाभित्र रहेर आफ्नो जिम्मेवारी निर्वाह गर्न सचेत गराए ।

समारोहमा प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षक, प्रहरी प्रधान कार्यालय तथा उपत्यकास्थित वरिष्ठ प्रहरी अधिकृत तथा जवानको उपस्थितिको साथै प्रदेश प्रहरी कार्यालयका प्रमुख, नेपाल प्रहरी प्रदेश कार्यालयका प्रमुख, शिक्षालयका प्राचार्यलगायत उपस्थिति थिए ।

यही भदौ १३ गतेको मन्त्रिपरिषद् बैठकले खापुङलाई प्रहरी संगठनको ३२ औँ महानिरीक्षक पदमा पदोन्नति गर्ने निर्णय गरेको थियो । बिहीबार गृह मन्त्रालयमा आयोजित विशेष समारोहमा गृह सचिव गोकर्णमणि दुवाडीले महानिरीक्षक खापुङलाई दर्ज्यानी चिन्हबाट सुशोभित गरेका थिए ।

तेह्रथुमको मेन्छयायेम गाउँपालिका-६ मा पिता ललितबहादुर र माता गंगामायाको परिवारमा २०२७ मङ्सिर २३ गते जन्मिएका प्रहरी महानिरीक्षक खापुङले २०५२ कात्तिक २७ गते प्रहरी निरीक्षक पदबाट नेपाल प्रहरी सेवा प्रारम्भ गरेका थिए। प्रहरी सेवामा साहसी प्रहरी अधिकृतको पहिचान बनाएका उनी २०६४ मा प्रहरी नायब उपरीक्षक, २०७३ मा प्रहरी उपरीक्षक, २०७७ मा प्रहरी वरिष्ठ उपरीक्षक, २०८० मा प्रहरी नायव महानिरीक्षक र २०८२ वैशाख ११ गते प्रहरी अतिरिक्त महानिरीक्षक पदमा पदोन्नति भएका प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

लैंगिक अध्ययनमा स्नातकोत्तर गरेका प्रहरी महानिरीक्षक खापुङले उच्चस्तरीय राष्ट्रिय सुरक्षा तालिम, प्रोग्राम अन क्यापासिटी बिल्डिङ फर क्राइम प्रिभेन्सन् स्ट्राटेजी डेभलपमेन्ट, एसिया रिजन ल इन्फोर्समेन्ट मेनेजमेन्ट प्रोग्राम, अपराध अनुसन्धानलगायत विभिन्न १४ वटा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम हासिल गरेका छन् । उनी प्रवल जनसेवा श्री र गद्दी आरोहण रजत पदकलगायत विभूषणबाट विभूषित भएका थिए।

### प्रतिवेदनको...

जलजलेमा वैशाख २०८१ देखि पुससम्म नौ महिना लगाएर अध्ययन गरिएको थियो । हामी यसको अन्तिम प्रतिवेदनको पर्खाइमा छौं,' उनले मध्यान्हसँग भने, '२०२५ को अन्तिमसम्म चीनले प्रतिवेदन पठाउने कुरा छ। त्यसपछि उत्पादन परीक्षणका लागि चीन सरकारलाई अनुरोध गरेर केही समयअघि पत्र पनि पठाइसकेका छौं ।' अन्तिम प्रतिवेदन प्राप्त भएपछि मात्रै अन्य काम अघि बढ्ने उनको भनाइ छ।

चीन सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा सम्भावित खनिज पदार्थ रहेका नेपालका विभिन्न भूभागमा अध्ययन र अन्वेषण गरिएको लुइँटेलले बताए। खानी तथा भूगर्भ विभाग र चाइना जियोलजिकल सर्भेले अन्वेषण गरेको उक्त प्राकृतिक ग्यासको ड्रिलिङको काम शिबु ड्रिलिङ इन्जिनियरिङ कम्पनी चीनले गरेको हो ।

पेट्रोलियम पदार्थ उत्खननको पूर्वतयारीस्वरूप यस क्षेत्रमा केही महिनाअघिसम्म धमाधम ड्रिलिङ, साइड वाललगायतका काम भइरहे पनि निर्माण क्षेत्र अहिले सुनसान छ । मिथेन ग्यास पत्ता लागेको भनिएको सो स्थानको करिब ५४ रोपनी जमिन तारबारले घेरेर राखिएको छ भने सरकारले जग्गाको मुआब्जासमेत दिइसकेको छ । नेपाल र चीनबीच सन् २०१९ मा भएको सरकार-सरकारबीचको सम्झौतापछि पेट्रोलियम अन्वेषणको काम सुरु भएको थियो । यो नेपालमा अहिलेसम्मकै सबैभन्दा ठुलो अन्वेषण परियोजना भएको भूगर्भ विभागले जनाएको छ ।

दैलेखका विभिन्न स्थानमा पेट्रोलियम पदार्थ रहेको अनुमान पहिलेदेखि नै भए पनि वैज्ञानिक रूपमा यसको पुष्टि गर्न २०३६ सालदेखि प्रयास हुँदै आएको हो । २०७२ मा भारतले गरेको अघोषित नाकाबन्दीले मुलुकभर इन्धन संकट भएपछि सरकारले स्वदेशकै ऊर्जा स्रोतको उत्खननको प्रक्रिया अघि बढाएको सरकारी अधिकारी बताउँछन् । २०७५ माघमा नेपाल-चीनबीच पेट्रोलियम अन्वेषणका लागि सम्झौता भएको थियो । प्रारम्भिक अन्वेषणमा नेपाली तथा चिनियाँ प्राविधिकले दैलेखको शिरस्थान र नाभिस्थान क्षेत्रमा निरन्तर बगिरहेको ग्यास पेट्रोलियम पदार्थ नै भएको पुष्टि गरेका थिए । दैलेखका सात ठाउँमा पेट्रोल तथा ग्यास खानी रहेको अनुमान प्राविधिकले गरेका छन् । 'अहिलेसम्म अन्वेषण गरिएको क्षेत्रमा प्राकृतिक ग्यास देखिएको छ,' पेट्रोलियम अन्वेषण परियोजनाका सूचना अधिकारीसमेत रहेका भूगर्भविद् लुइँटेलले भने, 'नेपालको अन्वेषण इतिहासमा यो गहिराइसम्म ड्रिल गर्दा पहिलोपटक प्राकृतिक ग्यास पत्ता लागेको हो । अहिलेका लागि यो कच्चा तेल नभएर प्राकृतिक ग्यास हो ।'

प्रधानमन्त्री केपी शर्मा ओलीले पनि उक्त पेट्रोलियम परियोजनाबाट व्यावसायिक उत्पादन प्रक्रिया अघि बढाउन निर्देशन दिएका थिए । सोहीअनुसार खानी तथा भूगर्भ विभागले 'पेट्रोलियम अन्वेषण प्रवर्धन परियोजना' स्थापना गरी जग्गा अधिग्रहण, सडक र विद्युत् पहुँच विस्तार तथा प्रशासनिक समन्वयको काम सहजीकरण गरेको थियो । पेट्रोलियम अन्वेषणको प्रक्रियामा स्थानीय जनप्रतिनिधि, प्रशासनिक संयन्त्र र आमनागरिकको पूर्ण समर्थन रहेको स्थानीयले बताएका छन् । ग्यास भण्डारण केन्द्रमा आवश्यक उपकरण थन्काएर राखिएको र प्रतिवेदन नआएकाले बाँकी काम गर्ने अवस्था नरहेको दैलेखका प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेले बताए । 'निर्माण क्षेत्रको सुरक्षा प्रदान गर्नेबाहेक अन्य काम केही भएको छैन,' उनले भने ।

सरकारले पेट्रोलियम पदार्थको व्यावसायिक उत्पादनको सम्भाव्यता अध्ययन र पूर्वतयारी गर्न नेपाल आयल निगमका निर्देशक विनितमणि उपाध्यायको संयोजकत्वमा चार सदस्यीय समिति गठन गरेको छ । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीको मन्त्रीस्तरीय निर्णयबाट गठित समितिमा खानी तथा भूगर्भ विभागका सिनियर डिभिजनल जिओलोजिस्ट धर्मराज खड्का, परियोजनाका मनीष कर्ण र निगमका सहायक प्रबन्धक दिप्ति पौडेल रहेका छन् । निगमका कार्यकारी निर्देशक चण्डिकाप्रसाद भट्टले प्राकृतिक ग्यासको सदुपयोगको सम्भाव्यताबारे सो समितिले अध्ययन गर्ने बताए। 'यो ग्यास कुनकुन प्रयोजनमा कसरी सदुपयोग गर्ने भन्नेलगायत विषयमा समितिले अध्ययन गरिरहेको छ,' उनले भने। अध्ययन प्रतिवेदनका आधारमा सरकारले दिने निर्देशनको पर्खाइमा निगम रहेको उनको भनाइ छ ।

### नागरिकको....

सूचीकरण प्रक्रियामा आउनेबित्तिकै उनीहरू सक्रिय हुन्छन् ।'

तर सरकारको सो निर्णयप्रति आपत्ति जनाउँदै निर्णय सच्याउन सरकारको प्रमुख सहयात्री दल नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले बताएका छन् । अदालतको आदेशको बहानामा सरकारले सामाजिक सञ्जाल बन्द गर्नु घोर आपत्तिजनक भएको भन्दै उनले भने, 'जनचाहना र आफ्नै प्रतिबद्धताअनुरूप काम गर्न नसकेपछि आलोचना खेप्न बाध्य भएको सरकारले फेसबुकलगायतका सामाजिक सञ्जाल बन्द गर्न लागेको छ । अदालतको आदेशको बहानामा सामाजिक सञ्जाल बन्द गर्नु घोर आपत्तिजनक छ ।'

सरकारको यो निर्णयले कतिपय नेपालीको रोजीरोटीसमेत खोसिने उनको भनाइ छ। उनले सरकारको उक्त निर्णय तुरुन्त सच्याउन र सामाजिक सञ्जाललाई मर्यादित गर्नेगरी नियमन गर्न आग्रह गरेका छन् । त्यस्तै, नेकपा एमालेका सांसद गोकुल बास्कोटाले सामाजिक सञ्जालको नियमन गर्नुपर्नेमा नियन्त्रण गरिएको भन्दै टिप्पणी गरे। 'सामाजिक सञ्जाल नियमन प्रविधिको प्रबन्ध मिलाउने र कानुन बनाउने भनेको थिएँ मैले। तर सरकारले नर्थ कोरिया पो बनाउने भएछ । विकृति अन्त्य गर्न सूचनामा बिर्को लगाउने होइन नि ।'

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले सरकारले सामाजिक सञ्जाल बन्द गरेर अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्न खोजेको भन्दै आपत्ति जनाएको छ । सामाजिक सञ्जाल बन्द गरेर सरकारले जनताको मुख थुन्ने काम गर्न खोजेको प्रवक्ता अग्नि सापकोटाले बताए । 'सामाजिक सञ्जाल नियमन गर्नुपर्ने भएपछि सरकारको गतिविधि हेर्दा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्न खोजेजस्तो देखिन्छ,' उनले भने । प्रथम दृष्टिमै अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्नतिर सरकार उद्दत भएको हो कि भन्ने उनको भनाइ छ ।

सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले सरकारको चर्को आलोचना गरेका छन् भने नयाँ राजनीतिक दलले सरकार सामाजिक सञ्जालसँग डराएको बताएका छन्। सरोकारवालाहरूले सरकारको निर्णय सच्याउन ध्यानाकर्षण गरेका छन् ।

नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष डा. तारानाथ दाहालले अभिव्यक्ति स्वतन्त्रताको हिसाबले सञ्चारका प्ल्याटफर्महरूका पहुँच पाउनु हरेक नागरिकको अधिकारको भएको बताए ।

'सरकारले चाहेको प्ल्याटफर्ममा मात्रै बोल, लेख र त्यसबाट मात्रै संवाद गर भन्नु अभिव्यक्ति स्वतन्त्रताको हिसाबले मिल्दै मिल्दैन,' उनले भने, 'यो कदमले सिधै नागरिकको अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्छ। नागरिक माध्यम छनोटको अधिकारबाट वञ्चित हुन्छन् ।' सोसल मिडिया कम्पनीहरूको बिजनेससँग सम्बन्धित मुद्दा हुन् भने बिजनेसकै हिसाबले हेर्नुपर्ने उनको भनाइ छ ।

### भारतमाथि...

नेपालको गार्मेन्टको व्यापार कुनै समय १ खर्ब थियो तर अहिले घटेर १० अर्ब मात्र रहेको व्यवसायी बताउँछन् । अमेरिकी कर नीतिले अब त्यसलाई १० गुणासम्म वृद्धि गर्न सकिन्छ र त्यसका लागि एक्पोर्ट लोन, इन्सेन्टिभ, लजेस्टी कष्ट घटाउने विषयमा ध्यानु दिनुपर्ने महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जनकुमार श्रेष्ठको भनाइ छ ।

ट्रम्पले भारतमा लगाएको कर नीतिले भारतका तयारी पोसाक उद्योगलाई ठुलो क्षति हुने देखिन्छ। कतिपय निर्यातमा आधारित उद्योग बन्द नै गर्नुपर्ने अवस्था आएपछि भारतीय व्यापारीको नजर नेपालतर्फ देखिएको हो । भारतबाट व्यापार गर्न असहज हुने भएपछि अहिले भारतीय नेपालमा प्रत्यक्ष लगानी ल्याउने वा नेपालकै उद्योगमा लगानी थपेर उत्पादन क्षमता बढाउने योजना आइरहेको व्यवसायी बताउँछन् ।

अमेरिकामा अहिले धेरै निर्यात हुने वस्तुमा नेपाली गलैंचा, तयारी पोसाक, पस्मिना, हस्तकलामा सामग्री, अदुवालगायतका वस्तु पर्छन् । नेपालका यी वस्तुका मुख्य प्रतिस्पर्धी भारत र बंगलादेश हुन्। भारत र बंगलादेशकै कारण नेपालको निर्यातमा असर गर्ने गरेको छ। अमेरिकाले बंगलादेश र भियतनाममाथि २०⁄२० र नेपालमाथि १० प्रतिशत भन्सार शुल्क लगाएको छ । भारतबाट भन्दा ४० प्रतिशत र बंगलादेश, भियतनामभन्दा १० प्रतिशत नेपालबाट अमेरिका निर्यातमा सस्तो पर्ने भएकाले नेपाली व्यवसायीले समेत अवसर लिन सक्ने देखिन्छ । अमेरिकाले आयात गर्ने तयारी पोसाकमध्ये ५ दशमलव ८ प्रतिशत र गलैंचामध्ये ८३ प्रतिशत भारतबाट निर्यात हुन्छ। भारतबाट हुने निर्यातलाई नेपालबाट गर्न सक्ने हो भने स्वदेशी उद्योगको विस्तार र रोजगारीमा समेत अवसर आउने देखिन्छ ।

### प्रधानमन्त्रीको...

बनाउने सहमति गरेका छन् । यस्तो सहमतिबारे नेपालले आपत्ति जनाएको छ। प्रधानमन्त्री ओलीले चीन भ्रमणका क्रममा चिनियाँ राष्ट्रपति सी जिनपिङसँग भेट हुँदा यो विषय उठाएका थिए ।

जवाफमा चिनियाँ राष्ट्रपति सीले लिपुलेकको विषय नेपाल र भारतको विषय भएको र यो विवादमा आफू पर्न नचाहेको भनेर पन्छिएको भनिएको छ। यस्तोमा अब नेपालले भारतसँग पनि चीनसँग जस्तै गरी लिपुलेकबारे चीन र भारतको सहमतिप्रति आपत्ति जनाउँछ कि जनाउँदैन भन्ने चासो रहेको छ ।

बिहीबार प्रतिनिधि सभाको बैठकमा बोल्दै नेकपा एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डेले चीनमा जस्तै गरी भारत भ्रमणमा समेत प्रधानमन्त्री ओलीले लिपुलेकबारे नेपालका तर्फबाट प्रस्ट अडान राख्नुपर्ने बताएका थिए ।

'ऐतिहासिक तथ्यहरूसहित प्रधानमन्त्री ओलीले जसरी चीनका राष्ट्रपतिसँग आपत्ति जनाउनुभयो । त्यसैगरी भारत भ्रमणमा पनि कुरा उठाउनुहुनेछ भन्ने विश्वास छ,' उनले भनेका थिए ।

यहीबेला प्रधानमन्त्रीको भारत भ्रमण नै अनिश्चित हुन पुगेको कूटनीतिक वृतमा चर्चा छ । यसअघि भारतीय विदेशसचिव विक्रम मिश्रीले काठमाडौं नै आएर प्रधानमन्त्री ओलीलाई भारत भ्रमणको निम्ता दिएका थिए । तर, कहिले भ्रमण गर्ने भनेर मिति तोकेका थिएनन्।

२ भदौमा काठमाडौं आएर भारतीय विदेशसचिव मिश्रीले प्रधानमन्त्री ओलीलाई भेटेका थिए । सो भेटमा भ्रमणको निम्तो गरिए तापनि मिति तोकिएको थिएन । भारतीय विदेशसचिव मिश्री नेपालबाट फर्किएको दुई दिनपछि लिपुलेक नाका हुँदै व्यापार गर्न भारत र चीनका विदेशमन्त्रीस्तरमा सम्झौता भएको थियो। त्यसपछि नेपालमा सो सहमतिको विरोध भयो । राजनीतिक दल र नागरिक समाजले सरकारलाई विरोधमा उत्रन र कूटनीतिक पहल गर्न आग्रह गरे । सरकारले कूटनीतिक नोटमार्फत विरोध जनायो । यसले प्रधानमन्त्री ओलीको भारत भ्रमण अनिश्चित बनाएको कतिपयको शंका छन् ।

### श्रीमान् ...

यौनकर्मीको प्रेमजालमा फसेर आफ्नो कमाइ विलासीतामा खर्च गरी रमाइलो गर्दै जिन्दगी बिताउने पनि धेरै रहेको आंकलन गरिएको छ ।

वैदेशिक रोजगारमा गएका कैयौं नेपाली श्रमिक घर परिवार अर्थात् श्रीमतीसँगको झैझगडाका कारण पनि सम्पर्कविहीन हुने गरेका छन् भने केही कम्पनीको काम छोडेर भाग्ने तथा अनैतिक क्रियाकलापमा लागेर जेल गएर परिवारसँग सम्पर्कविहीन हुने गरेको पनि बताइन्छ ।

### वैदेशिक...

उनीहरूलाई पक्राउ गरेको हो । माल्दिभ्स पठाइदिने भन्दै एक जनाबाट दुई लाख ३० हजार रुपैयाँ उठाएका पर्साको बिन्दवासिनीका तुफायल मिया जोलाहा, युएई पठाउने भन्दै दुई लाख १० हजार रुपैयाँ लिएका रौतहटको परोहाका विक्रम साह, पोल्यान्ड पठाइदिने भन्दै ६ लाख २५ हजार रुपैयाँ लिएका काठमाडौंको कीर्तिपुरका सहनशील महर्जन र युएई पठाइदिने भन्दै दुई लाख २३ हजार रुपैयाँ लिएकी बाँकेको कोहलपुरकी हरिकला खाँण ठकुरी थापालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

उनीहरू सबैलाई थप अनुसन्धान र कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए ।

### मलेसियामा...

कुल्चेर तल झारिदिएको थियो । सहकर्मीहरूले पीडितको चिच्याहट सुनेपछि पत्ता लगाएर तुरुन्तै आपतकालीन चिकित्सा उपचारका लागि गुआ मुसाङ अस्पताल लगेका थिए । उनको खुट्टा, छाती र घाँटीमा गम्भीर चोटपटक लागेको छ। उनको हाल सघन उपचार कक्ष (आइसियू)मा उपचार भइरहेको मलेसियाको सरकारी सञ्चारमाध्यम बेर्नामाले उल्लेख गरेको छ ।

# आलोचनात्मक चेतले लोकतन्त्रलाई सबल र समुन्नत बनाउँछ : राष्ट्रपति

**काठमाडौं/मस-** राष्ट्रपति रामचन्द्र पौडेलले आलोचनात्मक चेतले लोकतन्त्रलाई सबल र समुन्नत बनाउने बताएका छन् ।

रविन्द्र शाह स्मृति प्रतिष्ठानद्वारा राजेश्वर नेपालीको ८३औं जन्मजयन्तीका अवसरमा बिहीबार आयोजित 'राजेश्वर नेपाली अभिनन्दन ग्रन्थ लोकार्पण' समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले लोकतन्त्रलाई आधुनिक समयको शासन प्रणालीको उच्चतम रुप मात्र नभइ लोकतन्त्रका आदर्श, मूल्यमान्यतालाई हाम्रो आचरण तथा जीवनशैलीकारुपमा आत्मसाथ गर्दै मुलुक बनाउने अवसरमा रुपान्तरण गर्नुपर्ने बताए ।



आम नागरिकमा सपना, आशा र भरोसा जागृत गर्दै दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध राष्ट्र निर्माणको युगिन अभिभारालाई पूरा गर्न सबै आ-आफ्नो ठाउँबाट क्रियाशील हुनुपर्ने राष्ट्रपति पौडेलले बताए । लोकतन्त्र र पत्रकारिता एक अर्काका पर्याय भएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले व्यावसायिक पत्रकारिताले लोकतन्त्रलाई बलियो बनाउने र लोकतान्त्रिक व्यवस्थामा मात्र पत्रकारिता जगतले आफ्नो व्यावसायिक धर्म निर्वाध निर्वाह गर्न पाउने बताए ।

उनले भने, 'लोकतन्त्र र पत्रकारिताको यो अन्योन्याश्रित सम्बन्धको यही विशेषताले लोकतन्त्र तथा पत्रकारितालाई मजबुत बनाउँदै देशको आर्थिक विकास, सामाजिक रुपान्तरण र आम नागरिकको दैनिकी सहज बनाउन राजनीति र पत्रकारिता क्षेत्र समर्पित हुनुपर्दछ ।'

राष्ट्रपति पौडेलले राजेश्वर नेपालीलाई आफूले एउटा कट्टर लोकतन्त्र र राष्ट्रवादी व्यक्तिका रुपमा चिनेको उल्लेख गर्दै उनी निर्भिक पत्रकार, सादा जीवन र उच्च विचारका परिवर्तनप्रेमी प्रेरक व्यक्ति भएको बताए । राजेश्वर नेपालीले निरंकुशताबाट जनताको उन्मुक्तिका लागि जेननेलको कुनै प्रवाह नगरी एउटा कवि र कलम जीवीकारुपमा भाषा, साहित्य र संस्कृति मात्र होइन, मिसन पत्रकारितादेखि लोकतान्त्रिक मूल्य मान्यता एवम् आदर्शका लागि प्रेस र प्रजातन्त्र सेनानीका रुपमा आफूलाई उभ्याउन कहिँकतै नचुकेको राष्ट्रपति पौडेलको भनाइ थियो ।

# पार्टीभित्र स्वार्थ समूह नरोकिए माओवादीले कारबाही गर्ने




**काठमाडौं/मस-** नेकपा (माओवादी केन्द्र) पार्टीभित्र स्वार्थ समूह नरोकिए अुनशासनको कारबाही गर्ने निर्णय गरेको छ ।

बिहीबार पार्टी केन्द्रीय कार्यालयमा बसेको पार्टी पदाधिकारी बैठकले यस्तो निर्णय गरेको पार्टी प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिए ।

बैठकपछि सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै उनले पार्टीभित्र देखिएको स्वार्थ समूह रोक्ने र नरोकिए अनुशासनको कारबाही गर्ने निर्णय भएको बताए ।

उनकाअनुसार बैठकले पार्टीको मध्यपहाडि लोकमार्ग अभियानको विषयमा पनि छलफल गरेको छ । उनले सरकारले सामाजिक सञ्जाल बन्द गरेर नागरिकको अभिव्यक्ति स्वतन्त्रता कुण्ठित खोजेको टिप्पणी पनि गरे । सामाजिक सञ्जाल नियन्त्रण गर्नुपर्नेमा सरकारले अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्न खोजेको देखिएको उनको भनाइ छ ।

उनले भने, 'स्थायी कमिटीको बैठकले गरेका निर्णयहरुको सन्दर्भमा छलफल मात्रै भयो । अनुगमन समितिहरु बनाउने तथा स्थायी समितिले गरेका निर्णयहरु गुट उपगुट तथा स्वार्थ समूह भंग गर्ने निर्णय भएको छ । त्यस्तो नरोकिए अनुशासनको दायरामा ल्याउने भन्ने विषयमा छलफल भयो । पछि निर्णय गर्ने भन्ने भएको छ । महिला सम्मेलनको बारेमा अध्यक्ष प्रचण्ड र उपाध्यक्ष पम्फा भुसालले पनि ब्रिफिङ गर्नुभयो । त्यस्तै गरी सरकारले जनताका मागहरु सम्बोधन गरेका पनि छैनन् । अनि सुशासनको मामला पनि कमजोर भएको छ । भ्रष्टाचार झन झन बढेर गएको छ ।

यस परिस्थितिमा अहिले अब रणनीतिक विषय उठाएर लैजाने कुरा भएको छ । सामाजिक सञ्जालसम्बन्धी सरकारको निर्णयको सार अध्ययन गर्दाखेरी यो अभिव्यक्ति स्वतन्त्रताको कुण्ठित हुन्छ कि जस्तो लागेको छ यसबारेमा हामी निकै गम्भीरतापूर्व अध्ययन गर्दैछौं ।'

सामाजिक सञ्जाल बन्द गर्ने सरकारके निर्णयबारे अध्ययन गरेर पार्टीको धारणा सार्वजनिक गरिने उनको भनाइ छ ।

# चाडपर्व लक्षित गरी मुग्लिन-मलेखु सडक मर्मत गरिने



**चितवन/मस-** नागढुंगा-मुग्लिन सडक आयोजनाअन्तर्गत पश्चिम खण्डको मुग्लिन-मलेखु सडक स्तरोन्नतिसँगै चार्डपर्वलाई लक्षित गरी मर्मत गर्न थालिएको छ ।

दशैंमा यो सडक हुँदै आवतजावत गर्नेको संख्या बढी हुने भएकाले कालोपत्रबाहेक खाल्डाखुल्डी पुर्ने र सम्याउने काम थालिएको हो ।

पश्चिम खण्डका प्रमुख केदारप्रसाद नेपालका अनुसार दशैं अघि कालोपत्रबाहेक सडकका सानाठूला खाल्डा पुर्नेगरी काम थालिएको हो ।

उनले भने, 'दशैं, तिहारमा आवतजावत गर्ने यात्रीको संख्या बढी हुने भएकाले उहाँहरूको सहजताका साथै दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले मर्मतमा केन्द्रित भएका छौं ।' ठूला खाल्डा भएका ठाउँमा बाहिरबाट गिट्टी लगेर भर्न थालिएको छ भने सडक सम्याउने काम पनि भइरहेको प्रमुख नेपालले जानकारी दिए ।

उनका अनुसार सो खण्डको ३८ किलोमिटरमध्ये आठ किमी कालोपत्र गरिसकिएको छ । 'अरु केही भागमा कालोपत्र गर्ने तयारी गरिएको छ । त्यसबाहेकका खाल्डो परेका ठाउँहरूमा मर्मतसम्भारको काम थालिएको हो', उनले भने । वर्षात्को समयमा कालोपत्र गर्न नमिल्ने भएकाले सडकको छेउमा 'स्टिल' राख्ने तथा 'आरसिसि सेफ्टीवेरियर'को काम भइरहेको जनाउँदै उनले योसँगै नाली निर्माण गरिएको बताए ।

सो खण्डमा पर्ने छमध्ये चार वटा पुलको काम अन्तिम चरणमा पुऱ्याइएको नेपालले जानकारी दिए ।

उनका अनुसार मौवा खोला, खटौती र गौमती पुलको ढलान सकेर पहुँच सडकको काम भइरहेको छ ।

वारबाङ् पुल एक साताभित्र ढलान गरिँदैछ । यी चारवटै पुल दुई महिनाभित्र सम्पन्न भइ सवारीसाधन सञ्चालन गरिने नेपालले बताए । 'बाँकी रहेका चरौंदी पुलमा तीन वटा फाउण्डेसनमध्ये दुईवटा सकिएको छ भने हुग्दिको तीन वटा फाउण्डेसनमध्ये एउटा सकिएको छ', उनले भने । यी दुई पुल आगामी वर्षको मनसुन सुरु हुनु अघि सक्ने लक्ष्य छ ।

आयोजनाका इञ्जिनियर विजय दरैका अनुसार हालसम्म सडक स्तरोन्नति ३५ प्रतिशत सम्पन्न भएको छ । 'यस खण्डमा दुई दशमलव दुई किमी छ लेनको बन्नेछ, जुन मलेखु, बेनीघाट र मुग्लिन खण्डमा पर्छ । सात दशमलव दुई किमी सडक चार लेन सडकको हुनेछ', उनले भने ।

चार लेन रमाइलो डाँडा, कुरिनटार, फिस्लिङ, चुम्लिङ, मझिमटार, चरौंदी र विशालटार क्षेत्रमा पर्ने जनाउँदै दरैले उकालो-ओरालो खण्डमा तीन लेनको 'क्लाइम्बिङ' मार्ग बनाइने बताए । उनका अनुसार 'क्लाइम्बिङ' मार्ग दुई दशमलव तीन किमीको हुनेछ भने बाँकी सडक दुई लेनको हुनेछ ।

विसं २०७९ पुस १५ गते तीन वर्षमा सम्पन्न गर्नेगरी यो सडक ठेक्का लगाइएको थियो । पृथ्वी राजमार्गअन्तर्गत मुग्लिन-नागढुङ्गा खण्डलाई तीन चरण बनाएर बोलपत्र आह्वान गरिएको हो । यो तेस्रो चरणअन्तर्ग पर्दछ । यसमा ३८ दशमलव ८६ किलोमिटर सडक पर्ने आयोजना प्रमुख नेपालले जानकारी दिए ।

शर्मा-जेडआइसिजीले रु चार अर्ब ८० करोड ५९ लाखमा यस खण्ड स्तरोन्नतिको ठेक्का लिएको हो । सडकको विभिन्न क्षेत्रमा नाला बनाउने, पहिरो रोकथामका लागि संरचना निर्माण, भित्तो काट्ने, पर्खाल लगाउने, सडक सुरक्षालगायत काम गर्नुपर्ने इञ्जिनियर दरैले उल्लेख गरे ।

उनका अनुसार यो सडक विश्व बैंकको सहयोगमा बनाउन लागिएको हो । काठमाडौं प्रवेश गर्ने र बाहिरिने मुख्य नाकाका रूपमा यो खण्ड रहेको छ । सडकमा सवारीको उच्च चाप र कच्चा पदार्थ पाउन कठिन हुँदा काममा ढिलाइ भएको निर्माण कम्पनीको भनाइ छ ।

# निजामती कर्मचारी युनियन अर्घाखाँचीद्वारा खाद्यान्न वितरण



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १९ भदौ

नेपाल निजामती कर्मचारी युनियन अर्घाखाँचीले ३६ औं स्थापना दिवसको अवसरमा सन्धिखर्क-२ चुत्राबेसीस्थित शिद्वेश्वर वेदआश्रममा रहेका वटुकहरूलाई खाद्यान्न हस्तान्तरण गरेको छ ।

युनियनका जिल्ला अध्यक्ष दिपक पाण्डेले दाल, चामल, तेल, स्वाबिनलगायतका खाद्य सामग्री आश्रममा हस्तान्तरण गरिएको जानकारी दिए ।

नेपालमा लोकतन्त्रवादी कर्मचारीहरूको सबैभन्दा ठुलो संस्था मानिने निजामती कर्मचारी युनियन २०४७ साल भदौ १९ गते स्थापित भएको हो । हरेक वर्ष युनियनले भदौ १९ गते स्थापना दिवस मनाउँदै आएको छ ।

स्थापना दिवसका अवसरमा आयोजित खाद्य वितरण तथा अन्तरक्रिया कार्यक्रममा नेपाली कांग्रेस लुम्बिनी प्रदेशका सहमहामन्त्री बिष्णु प्रसाद खनालले युनियनले आश्रमका वटुकलाई सहयोग गरेर मानवता प्रदर्शन गरेको बताए । उनले युनियनमा आबद्ध कर्मचारीलाई सेवाग्राहीमैत्री सेवा प्रवाह गरेर नागरिकलाई दुःख नदिने गरी मुस्कानसहित सेवा दिन आग्रह गरे ।

मुस्कानले सरकारले ल्याउन लागेको निजामती कर्मचारी ऐन कर्मचारीमैत्री हुने विश्वास व्यक्त गर्दै ऐनबारे कर्मचारीसँग रायसुझाव लिएर सरकारले अघि बढिरहेको जानकारी पनि दिए ।

कार्यक्रममा नेपाल निजामती कर्मचारी युनियनका केन्द्रीय सदस्य रुकेन्द्र पालुङेले स्थापना दिवसदेखि नै युनियनले सामाजिक उत्तरदायित्व वहन गर्दै निरन्तर सामाजिक कार्य गर्दै आएको जानकारी दिँदै यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाए । वन प्राविधिक संघ लुम्बिनीका अध्यक्ष तथा युनियन नेता केशव खड्काले संघीय संरचनामा गएपछि पहिलो पटक ल्याउन लागिएको निजामती कर्मचारी ऐन कर्मचारीका सुझाव सम्बोधन गरेर आउने विश्वास व्यक्त गरे । तर कर्मचारीविरुद्ध प्रतिकूल ऐन ल्याएमा आन्दोलनमा जान बाध्य हुने चेतावनी पनि दिए ।

शिद्वेश्वर वेदआश्रमका पण्डित सुमन्त पौडेलले आश्रमको वस्तुस्थितिबारे जानकारी दिँदै कर्मचारी युनियनले खाद्यान्न वितरण गरेर प्रशंसनीय कार्य गरेको भन्दै धन्यवाद ज्ञापन गरे ।

कार्यक्रममा युनियनका केन्द्रीय प्रतिनिधि योगेश पन्थी, माया घिमिरे, नेपाल प्रेस युनियनका जिल्ला अध्यक्ष लक्ष्मण घिमिरे, कर्मचारी युनियनका नेता शिवहरि खनाल, मुक्ति खनाल, जर्सराम चौधरी, सीता बिसी, यमुना पन्थी, मोति घिमिरे, सिवहरि घिमिरे, टिकाराम न्यौपानेलगायतले शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रमको अध्यक्षता युनियन अर्घाखाँचीका जिल्ला अध्यक्ष दिपक पाण्डेले गरेका थिए भने सञ्चालन सचिव रमेश न्यौपानेले गरेका थिए ।

# अख्तियारको कर्मचारी भनेर धम्क्याउने दुई जना पक्राउ

**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगको नक्कली कर्मचारी बनी धम्क्याउने अपराधिक लाभ लिने कार्यमा संलग्न रहेको अभियोगमा २ जनालाई मंगलबार प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा कीर्तिपुर नगरपालिका-८ बस्ने डोटी घर भएका २७ वर्षीय लक्ष्मण पनेरू र काठमाडौं महानगरपालिका-४ सुकेधारा बस्ने झापा घर भएका ५४ वर्षीय विनोद साह रहेका छन् ।

उनीहरूले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कर्मचारी हुँ भन्दै टोखा नगरपालिका-८ बस्ने पीडितलाई तपाईंलगायत तपाईको परिवारको नामको नेपाली नागरिकता नक्कली रहेको सूचना प्राप्त भइ हामीले अनुसन्धान गरी रहेका छौं र उक्त कारवाहीबाट बच्न १ करोड रकम दिएमा फाइल बन्द गरीदिन्छौ नत्र सबैलाई जेल हाल्छौ भनि योजनाबद्ध ढंगले डर त्रास देखाई धम्काएको भन्ने उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनीहरूलाई काठमाडौं महानगरपालिका-१४ कलंकीबाट पक्राउ गरेको हो ।

उनीहरूको साथबाट नगद २ लाख रूपैयाँ, मोबाइल ४ थान र १ गाडी १ थान समेत प्रहरीले बरामद गरेको छ । उनीहरूलाई थप अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ ।

# उत्कृष्ट स्वास्थ्य संस्था सम्मानित

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १९ भदौ

बर्दियाको गेरुवा गाउँपालिकामा वार्षिक स्वास्थ्य समीक्षा कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा गाउँपालिकाभित्रका स्वास्थ्य संस्था, स्थानीय तहका जनप्रतिनिधि, विभिन्न संघसंस्था र सरोकारवालाहरूको सहभागिता रहेको थियो । कार्यक्रममा आ.व. २०८१/०८२ मा सञ्चालित स्वास्थ्य कार्यक्रमहरूको मूल्यांकन तथा समीक्षा गरिएको थियो । विगत एक वर्षमा सञ्चालन भएका स्वास्थ्य सेवा, मातृ-शिशु स्वास्थ्य, खोप सेवा, पोषण अवस्था, जनचेतना कार्यक्रम र स्वास्थ्य पूर्वाधारका उपलब्धि तथा चुनौतीबारे प्रस्तुतिकरण गरिएको थियो । समीक्षा समितिले आएका सुझाव र सिफारिस आगामी वर्षको स्वास्थ्य कार्ययोजना र बजेटमा प्राथमिकताका साथ समावेश गर्ने निर्णय गरेको छ ।



कार्यक्रमको क्रममा स्वास्थ्य संस्था स्तरका जनस्वास्थ्य सूचकका आधारमा गरिएको मूल्यांकनमा उत्कृष्ट रहेको स्वास्थ्य चौकी मनाउलाई ५ हजार रुपैयाँ तथा सम्मानपत्र सहित सम्मान गरिएको थियो । कार्यक्रममा गाउँपालिका अध्यक्ष जमान सिंह के.सी., उपाध्यक्ष लक्ष्मी कुमारी चौधरी, ६ वटै वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य शाखा प्रमुख र स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो ।

# जब ग्यारेन्टीसहित काठमाडौंमा बेकरी तालिम

**काठमाडौं/मस-** जब ग्यारेन्टीसहित काठमाडौंमा बेकरी तालिम सेन्टर स्थापना भएको छ ।

आफ्नै क्याफेमा काम गर्ने अवसर, नेपालमै जागिर खोज्नेलाई सहजीकरण, विदेश जानेलाई सहजीकरण, आफैं उद्यमी गर्न खोज्नेलाई प्रोत्साहन गर्ने गरी काठमाडौंको तिनकुनेस्थित अन्नपुर्ण टावरमा बेकरी तालिम सेन्टर स्थापना भएको हो ।



प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)सँग समेत सहकार्यमा रहेर तालिम दिइनेछ । काठमाडौं फ्रेस बेकरीले स्थापना गरेको काठमाडौं फ्रेस बेकरी तालिम सेन्टर आगामी शनिबार उद्घाटन हुँदैछ ।

३० वर्ष देखि पोखरामा संचालन हुँदै आएको काठमाडौं फ्रेस बेकरीले काठमाडौंमा पनि सेवा विस्तार गरेको हो । यो संस्थाले विगतमा पनि तालिम प्रदान गरेको छ ।

यस संस्थाले पोखरामा रहेर २०१८ देखि यता एक हजार पाँच सय बढीलाई तालिम दिएकोमा र अधिकांश रोजगार तथा स्वरोजगारमा रहेका छन् । यसलाई काठमाडौंमा समेत विस्तार गरिएको हो ।

बेकरी तालिम सेन्टर इटालियन इकुपमेन्ट रहेका छन् । प्रशिक्षक लोकेन्द्र योन्जन हनकङ हुँदै मकाओ, दुवई, सिङापुर लगायत देशमा काम गरेर आएका व्यक्ति हुन् । उनले झण्डै दुई दशक ५ स्टारमा सेफको रुपमा काम गरेको अनुभव छ । यहाँ तालिम लिनेलाई नेपालमै काम गर्न ५ स्टारमा जागीरको राम्रो अवसर हुने र विदेश गएको हकमा समेत काम गर्न सहज हुने काठमाडौं फ्रेस बेकरीको विश्वास छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७५/०८/२६ मा दर्ता भएको **प्रा. लि. नं. २०४३३१** को **जडिबुटि इन्द्रेणी प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Bahradashi Rural Municipality**
**Office of Rural Municipal Executive**
**Chakchaki, Jhapa**
**Koshi Province, Nepal**
**Invitation for Bids**
**Date of publication: 2082/05/20 (5th Sept, 2025)**
Bahradashi Rural Municipality invites electronic bids from eligible bidders for the procurement of the following goods under National Competitive Bidding (NCB) procedures.

| Contract ID | Description | Estimated Amount NRs. | Bid Security & Validity | Cost of Bid Document | Last Date of Submission/ Opening Date |
|---|---|---|---|---|---|
| NCB/Bahradashi/ Health/2/2082-83 | Nisulka Ausadhi Tatha Ausadhijanya Samagri Kharid -Unit Rate | N/A | 1,73,000/- & 120 days from deadline | 3,000/- | 5th Oct., 2025 (13:00 hrs/ 13:15hrs) |

Eligible Bidders may obtain further information from the office of Bahradashi Rural Municipality, Chakchaki, Jhapa or may visit e-GP system: www.bolpatra.gov.np/egp.
**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२० भदौ २०८२ शुक्रबार
5 September 2025 Friday

## सम्पादकीय

# सूचनाबाट वञ्चित नगर

सरकारले दर्ता हुन नआएका सामाजिक सञ्जाल सञ्चालनमा रोक लगाउने निर्णय गरेको छ । यसको पक्ष र विपक्ष दुवैतर्फ बहस चलिरहँदा नागरिक कतै सूचनाबाटै वञ्चित हुने हुन् कि भन्ने चिन्ता बढेको छ । किनभने धेरै ठुलो संख्या फेसबुक, युट्युबलगायतका प्ल्याटफर्ममार्फत सूचना आदनप्रदान गरिरहेका छन् । सरकार र सार्वजनिक व्यक्ति र संस्थाले सूचना प्रवाह गर्ने थलो सामाजिक सञ्जाल बन्न पुगेको छ । विदेशमा रहेका आफन्तसँग प्रत्यक्ष कुरा गर्ने थलो यही बनेको छ । यस्तो बेला सरकारले कुनै निर्णय लिँदा नागरिकको दैनिकीलाई ख्याल गर्नुपर्छ । कतै नागरिक सूचना र सञ्चारबाटै वञ्चित हुन्छन् कि ! संस्कारकै रूपमा विकास भएको सूचना र प्रविधिको विकासलाई सरकारले ख्याल गर्नुपर्छ ।

नेपालमा सञ्चालन हुने कुनै पनि सामाजिक सञ्जाल दर्ता हुनुपर्छ भन्ने सरकारको अडान सही छ । यसका लागि सामाजिक सञ्जाल बन्द नगरेर कूटनीतिक पहल गर्ने उपाय पनि छन् कि ! नागरिकलाई सूचनाबाट वञ्चित नगर्ने सोच हो भने कूटनीतिक पहल सरकारले गर्नुपर्छ । होइन, सरकार दर्ता नभएको भनेर नागरिकमा रहेको आलोचनात्मक चेतलाई रोक्न खोजिरहेको हो भने प्रत्युत्पादक हुन सक्छ ।

किनभने पुराना सञ्चारमाध्यमले नभेटाएका दूरदराजका कथा युट्युबाट सम्प्रेषित भइराखेका छन् । सामाजिक सञ्जालबाटै व्यापार गर्नेहरूको ठुलो संख्या छ । स्वरोजगार हुने युवालाई सामाजिक सञ्जालले सहयोग गरिरहेको छ । यसकारण सामाजिक सञ्जाल बन्दा हुँदा एकातिर नागरिक सूचनाबाट वञ्चित हुन्छन् भने ठुलो संख्यामा नागरिक स्वरोजगार उद्योगबाट समेत विमुख हुन्छन् । यस्तोमा सरकारले आलोचना कम हुन्छ भन्ने मात्रै सोचेर सामाजिक सञ्जाल बन्दको बाटो रोजेको हो भने प्रत्युत्पादक भएर अझ सरकारको आलोचना गर्ने फुर्सदिलो संख्या बढ्न सक्छ । एकातिर आम्दानीको स्रोत खोसिएर दैनिकी प्रभावित भएको अर्कोतिर सूचना र सञ्चारबाट समेत वञ्चित हुन पुगेको नागरिक समूह सरकारको व्यवहारमाथि खनिन सक्छ ।

सरकारले यो बुझ्न आवश्यक छ- सूचना प्रविधिको विकासले कुनै निश्चित सीमा क्षेत्रभित्र रहेका नागरिकलाई नियन्त्रण गरेर मात्र हुँदैन । राज्यका अंगहरूलाई नियन्त्रण लिएर आफूले चाहेअनुसार शासक चल्न सक्दैन । यस्तोमा आलोचना वा विरोधको स्वर कम गर्ने उपाय के हुन सक्छ सरकारले आफ्नै व्यवहारमा हेर्नुपर्छ । आलोचना हुने थलो नै बन्द गरिदिन्छु भन्ने सोचेको हो भने स्वयंका लागि घातक हुनेछ ।

# ऋण र विकास

*ऋणको दीर्घकालीन प्रभावमा हेर्ने हो भने त्यसले देशको नीति निर्माण र सार्वभौम निर्णय प्रक्रियामा पनि असर पार्न सक्छ । जब कुनै मुलुक अत्यधिक ऋणमा निर्भर हुन्छ, तब ऋण दिने संस्थाहरू वा मुलुकहरू नीति निर्माणमा प्रभाव जमाउन सक्छन्...*

अग्रलेख



● जगतजंग जिसी

नेपालजस्तो विकासोन्मुख देशका लागि निकै ऋण र विकास महत्वपूर्ण र जटिल विषय हो । यो सम्बन्ध आपसी निर्भरता, अवसर, चुनौती र दीर्घकालीन रणनीतिमा आधारित हुन्छ । ऋणले विकासलाई सहारा दिन सक्छ तर त्यो सहारा कहिले कहिले बोझ पनि बन्न सक्छ । यहाँ ऋण र विकासको परस्पर सम्बन्ध, सकारात्मक र नकारात्मक पक्ष र नेपालको सन्दर्भमा यसको प्रभावको समग्र समीक्षा प्रस्तुत गरिएको छ ।

विकासका लागि आवश्यक पर्ने पुँजी, पूर्वाधार निर्माण, सामाजिक सेवा विस्तार तथा उद्योगधन्दा प्रवर्द्धनका लागि ऋण महत्वपूर्ण स्रोत मानिन्छ । विशेषगरी अल्पविकसित वा विकासोन्मुख राष्ट्रहरूमा आन्तरिक स्रोत सीमित हुने भएकाले बाह्य ऋण लिने प्रवृत्ति प्रबल हुन्छ । अन्तर्राष्ट्रिय वित्तीय संस्था जस्तै : विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंक वा द्विपक्षीय साझेदारबाट ऋण लिएर सरकारहरूले विकास योजना अघि बढाउँछन् । नेपालले पनि दशकौंदेखि विकासका विभिन्न क्षेत्रमा ऋण लिँदै आएको छ । सडक, जलविद्युत्, शिक्षा, स्वास्थ्य, सिँचाइ तथा सहरी पूर्वाधारजस्ता क्षेत्रमा ऋणले महत्वपूर्ण भूमिका खेलेको छ ।

तर ऋणको प्रयोग विकासका लागि कत्तिको प्रभावकारी छ भन्ने प्रश्न झन् महत्वपूर्ण हुन्छ । यदि ऋण सही ढंगले प्रयोग गरियो भने यसले आर्थिक वृद्धिलाई तीव्र बनाउने, रोजगारी सिर्जना गर्ने तथा सामाजिक सेवाको पहुँच विस्तार गर्ने काम गर्छ । उदाहरणका लागि, जलविद्युत् परियोजनामा लगानी गरिएको ऋणले दीर्घकालीन आय स्रोत सिर्जना गर्न सक्छ, जसले ऋण फिर्ता गर्न सजिलो बनाउँछ । यस्तै, सडक र यातायात पूर्वाधारले ग्रामीण क्षेत्रलाई बजारसँग जोड्ने काम गरेर आर्थिक गतिविधि बढाउँछ । यसरी, ऋणले सकारात्मक रूपान्तरण ल्याउन सक्छ तर यसका लागि राम्रो योजना, पारदर्शिता र दिगोपनाको सुनिश्चितता अपरिहार्य हुन्छ ।

तर सधैंजसो ऋण सकारात्मक प्रभाव मात्रै ल्याउँछ भन्ने हुँदैन । कहिलेकाहीँ ऋणको असक्षम व्यवस्थापनले विकासको सट्टा देशलाई आर्थिक संकटमा पार्न सक्छ । यदि ऋणको प्रयोग अल्पकालीन उपभोग वा गैरउत्पादक क्षेत्रमा भयो भने त्यसको प्रतिफल स्वरूप ऋणको भार बढ्छ तर त्यसले प्रतिफल दिँदैन । यस्तो अवस्थामा, ऋण तिर्ने क्षमतामा गिरावट आउँछ र मुलुक 'ऋणजाल'मा फस्ने खतरा हुन्छ । यो अवस्था धेरै अफ्रिकी राष्ट्रहरूमा देखिएको छ, जहाँ अत्यधिक ऋणले राष्ट्रिय सम्प्रभुता र आर्थिक निर्णय क्षमतामा हस्तक्षेप गरेको छ ।

नेपालको सन्दर्भमा हेर्दा, ऋणको प्रवृत्ति पछिल्लो समय तीव्र गतिमा बढ्दै गएको छ । आर्थिक वर्षअनुसार सरकारी ऋण वृद्धिदर उल्लेखनीय छ, जसमा दुवै आन्तरिक र बाह्य ऋणको हिस्सा छ । नेपालको कुल ऋण सकल गार्हस्थ्य उत्पादनको सन्दर्भमा अझै पनि खतराको सीमा नाघेको छैन तर यसको व्यवस्थापनमा चुनौती देखिएका छन् । विशेषतः ऋण लिएर सञ्चालन गरिएका केही परियोजना समयमै सम्पन्न नभएको, लागत बढेको वा योजनाबद्ध रूपमा नचलेको देखिन्छ । यस्तो अवस्थामा ऋणको सेवा दबाबमूलक हुन जान्छ ।

अर्को महत्वपूर्ण पक्ष हो - ऋणको पारदर्शिता र जवाफदेहिता । यदि ऋण कहाँ खर्च गरियो, कसरी फाइदा पुर्‍यायो र त्यसको फिर्ता कसरी हुने भन्ने प्रश्नमा जनताको जानकारी र निगरानी छैन भने यो भ्रष्टाचार र दुरुपयोगको स्रोत बन्न सक्छ । नेपालमा केही बहुचर्चित




परियोजनाहरू - जस्तै मेलम्ची खानेपानी योजना, पश्चिम सेती जलविद्युत योजना, फास्ट ट्र्याक आदिले ऋणको सदुपयोगमा प्रश्न उठाएका छन् । यस्ता परियोजनामा ढिलाइ, बजेटको अपारदर्शिता र दायित्व निर्धारणको अस्पष्टता देखिन्छ ।

ऋण लिँदा लिने सर्तहरू पनि महत्वपूर्ण हुन्छन् । कस्तो ऋण (अनुदानसहितको, सहुलियतपूर्ण वा व्यावसायिक दरमा लिएको), कुन अवधिका लागि, कति ब्याजदरमा र कस्तो मुद्रामा भन्ने कुराले ऋणको दीर्घकालीन भार निर्धारण गर्छ । नेपालले अधिकांश ऋण सहुलियतपूर्ण रूपमा लिएको भए तापनि पछिल्लो समय केही व्यावसायिक सर्तमा ऋण लिने प्रवृत्ति पनि देखिएको छ । यदि आर्थिक वृद्धिदर ऋणको ब्याज दरभन्दा कम भयो भने, त्यसले ऋणको भार झन् बढाउँछ ।

ऋणको दीर्घकालीन प्रभावमा हेर्ने हो भने त्यसले देशको नीति निर्माण र सार्वभौम निर्णय प्रक्रियामा पनि असर पार्न सक्छ । जब कुनै मुलुक अत्यधिक ऋणमा निर्भर हुन्छ, तब ऋण दिने संस्थाहरू वा मुलुकहरू नीति निर्माणमा प्रभाव जमाउन सक्छन् । यो अवस्था खासगरी आइएमएफ वा विश्व बैंक जस्ता संस्थाहरूको संरचनात्मक समायोजन कार्यक्रममार्फत धेरै मुलुकहरूले भोगेका छन्, जसमा ऋण सर्तस्वरूप बजेट कटौती, निजीकरण वा सार्वजनिक सेवा क्षेत्रमा सुधारका नाममा कठोर नीति लागू गरिन्थ्यो । नेपालमा यस्ता कार्यक्रमको प्रभाव सीमित भए तापनि भविष्यमा यस्तो हस्तक्षेपको

> *यदि ऋण सही ढंगले प्रयोग गरियो भने यसले आर्थिक वृद्धिलाई तीव्र बनाउने, रोजगारी सिर्जना गर्ने तथा सामाजिक सेवाको पहुँच बिस्तार गर्ने काम गर्छ । तर यसका लागि राम्रो योजना, पारदर्शिता र दिगोपनाको सुनिश्चितता अपरिहार्य हुन्छ...*

सम्भावना टार्न दीर्घकालीन योजना अपरिहार्य छ ।

नेपालले ऋणको दीर्घकालीन फाइदा लिन चाहन्छ भने केही उपायहरू अपनाउनु आवश्यक हुन्छ । पहिलो, ऋणको सदुपयोगका लागि योजनाको गुणस्तर र कार्यान्वयन क्षमता वृद्धि गर्नुपर्छ । परियोजनाको व्यवहार्यता अध्ययन, पारदर्शी टेन्डर प्रक्रिया, समयमै काम सम्पन्न गर्ने दक्षता र नियमित अनुगमन अत्यावश्यक छन् । दोस्रो, उत्पादक क्षेत्रमा ऋण प्रयोग गर्न प्राथमिकता दिनुपर्छ - जसले देशभित्रै रोजगारी र आम्दानी सिर्जना गर्छ । जलविद्युत, कृषि, पर्यटन, सूचना प्रविधि आदि यस्ता क्षेत्र हुन्, जसमा लगानीले प्रतिफल दिन सक्छ । तेस्रो, ऋणको सन्दर्भमा सार्वजनिक बहस र सहभागिता बढाउनुपर्छ । जनताले बुझ्न पाउनुपर्छ कि कति ऋण लिइएको छ, किन लिइएको छ, कहाँ खर्च भएको छ र कसरी फिर्ता हुनेछ ।

आन्तरिक ऋणको सन्दर्भमा पनि सन्तुलन आवश्यक छ । आन्तरिक ऋणले देशभित्रको पुँजी बजारलाई प्रभावित पार्छ, ब्याजदर बढाउँछ र निजी क्षेत्रको लगानी क्षमतामा असर पार्न सक्छ । त्यसैले सरकार र राष्ट्र बैंकले ऋण लिँदाको रणनीति पारदर्शी समन्वयात्मक र दीर्घकालीन सोचसहितको हुनुपर्छ । यदि सही सोचसहित ऋणको नीति बनाइएन भने विकास होइन अर्को समस्यामा फस्ने कुरामा दुविधा छैन ।

(**जिसी, साधारण सेयरधनी लगानीकर्ता संघका अध्यक्ष हुन् ।**)

## इतिहासमा आज

५ सेप्टेम्बर १९९१ मा आदिवासी जनजातिको रक्षा गर्ने हालको अन्तर्राष्ट्रिय सन्धि, आदिवासी तथा आदिवासी जनजाति महासन्धि, १९८९ लागू भएको थियो ।



५ सेप्टेम्बर २००५ मा इन्डोनेसियाको मेदानस्थित पोलोनिया अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भरेपछि मन्डला एयरलाइन्सको उडान ०९१ दुर्घटनाग्रस्त हुँदा १ सय ४९ जनाको मृत्यु भएको थियो ।



५ सेप्टेम्बर २०१२ मा पश्चिमी टर्कीको अफ्योनमा रहेको टर्की सेनाको गोला बारुद भण्डारमा भएको आकस्मिक विस्फोटमा २५ सैनिकको मृत्यु भएको थियो भने ४ जना घाइते भएका थिए ।



५ सेप्टेम्बर २०२१ मा गिनीका राष्ट्रपति अल्फा कोन्डेलाई कुको क्रममा सशस्त्र सेनाले कब्जा गरेको थियो ।



## सामाजिक सञ्जाल



**प्रेमकान्त अधिकारी**

अभिनय बाहिर देखाउन मात्र, भित्र खोक्रो रहेछ । योजनाअनुसार गृहकार्य नै नभएको कुनै पूर्वाधार अध्ययन नगरीकन नै निर्णय गरिने र सामाजिक सञ्जाल साइबर सेनामार्फत फुकिदिने । यस्तै छ, नेपाल सरकारबाट हुने मन्त्रिपरिषद्का निर्णयहरू । समृद्ध नेपाल सुखी नेपालीको नारा रंगमञ्च ।



**कृष्ण अर्याल**

नेपाल 'एक चीन नीति'को समर्थन गर्छ तर चीन नेपाली भूभाग हुँदै व्यापार पारवहन गर्ने सम्झौता गर्दा नेपालको सार्वभौमिकतालाई नकार्दछ । यो भार तसँग आफैं सल्टाऊ भन्छ । हाम्रो एक चीन नीतिको मिठो फल यही होला । होचोको मुखमा घोचो ! मित्रता बोलीमा हैन व्यवहारमा झल्किनुपर्छ ।



**विश्वरसिंह मेवाहाङ**

डिभोर्स एक कानुनी सवाल मात्र होइन, यो उच्च नैतिकतासँग जोडिएको सवाल पनि हो । पश्चिमाहरू जस्तो आज बिहे भोलि डिभोर्स, फेरि बिहे फेरि डिभोर्स गर्ने अवस्थामा नेपाली समाज पुगिसकेको छैन । हाम्रो सामाजिक मूल्य मान्यताले यसलाई आत्मसात् गर्दैन । बहुविवाहपछिको डिभोर्स त झन् अनैतिक नै हो ।



**डम्बर खतिवडा**

मतदाताले झन्डै दुई तिहाइको बहुमत दिँदा पनि स्थिरता नहुने अनि दल र नेता जिम्मेवार नमानिने हो भने अस्थिरताको कारण को ? कुनै अदृश्य शक्ति ? कसैले नदेखेको उडन्तस्तरी ? विदेशी ? 'रअ' र 'सिआईए' ? आम मतदाता र नागरिक ? को ? को हो ? भन्न सक्नु पर्‍यो ?

# किसानका पीडा

विचार



● विश्वनाथ खरेल

> *यदि किसानको आवाज अझै नसुनिने हो भने कृषि व्यवसायप्रति विश्वास घट्दै जान्छ, युवा वैदेशिक रोजगारीतर्फ लाग्छन् र खाद्य सुरक्षामा समेत गम्भीर संकट आउन सक्छ । दुध र उखु भुक्तानीको समस्या केवल लेनदेनको विषय होइन, यो राष्ट्रिय समस्या हो...*

नेपाली समाजको आर्थिक विकासको मेरुदण्ड भनिने कृषि क्षेत्रको एक महत्वपूर्ण आयाम पशुपालन र दुग्ध व्यवसाय हो । देशको करिब ७० प्रतिशत जनताले कृषि तथा पशुपालनलाई आफ्नो मुख्य जीविकोपार्जनको स्रोत बनाएका छन् । आज देशभरिका लाखौं किसानहरूले दुधालु पशु पालेका छन् र दैनिक सयौं लिटर दुध संकलन केन्द्रहरूमा पुर्‍याउँछन् । तर यस मेहनतपछिको सबैभन्दा पीडादायक प्रश्न के हो भने- दुधको भुक्तानी कहिले ?

महिनौंसम्म दुध बेचेको पैसा नपाउने, भुक्तानीका लागि पटकपटक संकलन केन्द्र धाउनुपर्ने, ऋणको ब्याज तिर्न नसक्ने अनि पशु आहार, बालबालिकाको विद्यालय खर्च र घरायसी आवश्यकता धान्न नसक्ने अवस्था अहिले पनि लाखौं दुग्ध किसानहरूको यथार्थ बनेको छ । यो समस्या केवल आर्थिक मात्रै होइन, सामाजिक, मनोवैज्ञानिक र राष्ट्रिय अर्थतन्त्रका लागि पनि गम्भीर चुनौती हो । जहाँ मुलुकको ठुलो जनसंख्या कृषिमा आधारित छ, त्यहाँ पशुपालन, विशेषतः दुग्ध उत्पादन, अत्यन्तै महत्वपूर्ण क्षेत्र हो । दुध उत्पादन मुख्यतः साना किसानहरूले गर्छन् । राष्ट्रिय दुग्ध विकास बोर्ड (एलडीडीबी)का अनुसार नेपालमा वार्षिक करिब २२ देखि २७ लाख मेट्रिक टन दुध उत्पादन हुन्छ । यसको अधिकांश हिस्सा गाई र भैंसीबाट प्राप्त हुन्छ । चितवन, काठमाडौं, कास्की, मोरङ र कैलालीजस्ता जिल्ला दुध उत्पादनका प्रमुख केन्द्र हुन् ।

देशभर साना किसानहरूले २ देखि ५ वटा दुधालु पशु पालेर दुध उत्पादन गर्छन् । उनीहरूले स्थानीय संकलन केन्द्रहरूमा दुध बेच्ने गर्छन्, जुन डेरी उद्योगहरूमा पुग्छ । तर बिक्रीपछिको भुक्तानी महिनौंसम्म अड्किरहने समस्याले किसान निरन्तर आर्थिक संकटमा परिरहेका छन् । किसानहरूको भनाइमा, उनीहरूले दुधको मूल्य लागतअनुसार पनि पाएका छैनन् । पशु आहार, औषधोपचार, कामदार खर्चलगायत दैनिक सञ्चालन खर्च धान्न कठिन भइरहेको छ । फलस्वरूप, गत भदौ १५ गतेदेखि किसानहरूले काठमाडौंको लैनचौरस्थित दुग्ध विकास संस्थान अगाडि प्रदर्शन गर्दै बक्यौता तुरुन्त भुक्तानीको माग गरे । एक वर्षदेखि साढे ३ अर्बभन्दा बढी रकमको भुक्तानी रोकिएको गुनासो किसानको छ ।

नेपालको ग्रामीण जीवनशैली कृषि व्यवसायमा आधारित छ । विशेषगरी तराईदेखि पहाडसम्मका हजारौं किसानको प्रमुख आयस्रोत उखु र दुग्ध व्यवसाय हो । तर विडम्बना के छ भने, यी दुवै उत्पादनमा किसानले पसिना बगाए पनि उचित मूल्य समयमै पाउँदैनन् । उखु किसान वर्षौंसम्म चिनी मिलबाट भुक्तानी नपाई आन्दोलन गर्न बाध्य हुन्छन् भने, दुग्ध किसान महिनौंसम्म भुक्तानी रोकिने समस्याले पीडित छन् ।

यति मात्र होइन, पशुपालनमा आएका रोगहरू जस्तै : लम्पी स्किनका कारण गाईभैंसी गुमाएका किसानहरूले भुक्तानी नपाउँदा नयाँ लगानी गर्नसमेत नसक्ने अवस्था छ । यसले दुध उत्पादनमा दीर्घकालीन असर पार्ने निश्चित छ ।

समाजमा विद्यमान आर्थिक असमानता थप गहिरिँदै गएको छ । साना र मझौला किसानहरू भुक्तानी नपाएर मर्कामा परिरहेका छन् जबकि ठुला डेरी कम्पनी र सहकारी संस्था भने नाफामा छन् । यसले सामाजिक असन्तुष्टि पनि बढाइरहेको छ ।

देशको अर्थतन्त्र कृषिमा आधारित भए पनि किसान अझै पनि दोहोरिँदो पीडामा बाँधिएका छन् । चाहे उखु किसान हुन् वा दुग्ध किसान, उनीहरूको साझा प्रश्न एउटै हो– पसिनाको मूल्य कहिले पाउने ?

अब सरकार, नीति निर्माता, चिनी मिल उद्योगपति र दुग्ध व्यवसायी सबैले किसानलाई न्याय दिनुपर्छ । किसानबिना देशको अर्थतन्त्र चल्दैन भन्ने यथार्थलाई आत्मसात् गर्दै उनीहरूको श्रमको सम्मान गरिनुपर्छ । यदि किसानको आवाज अझै नसुनिने हो भने कृषि व्यवसायप्रति विश्वास घट्दै जान्छ, युवा वैदेशिक रोजगारीतर्फ लाग्छन् र खाद्य सुरक्षामा समेत गम्भीर संकट आउन सक्छ । दुधको भुक्तानीको समस्या केवल लेनदेनको विषय होइन, यो राष्ट्रिय समस्या हो । किसानलाई समयमै र उचित मूल्यमा भुक्तानी नहुनु भनेको समग्र अर्थतन्त्रलाई कमजोर पार्नु हो ।

सरकारको इच्छाशक्ति, नीतिगत स्पष्टता, निजी क्षेत्रको सामाजिक दायित्वबोध र किसानहरूको संगठित आवाज आजको प्रमुख आवश्यकता हो । हामीले यो सानो देखिने तर गहिरो घाउको उपचार गर्नैपर्छ । किसानको पसिनाको मूल्य उसलाई समयमै मिल्ने वातावरण बनाउनु आजको सबैभन्दा ठुलो आवश्यकता हो । किसान सुखी भएमा मात्रै देश सुखी हुन्छ । किसानको झोलामा पैसा भएमा राष्ट्रको अर्थतन्त्र बलियो हुन्छ । त्यसैले, दुधको भुक्तानी केवल आर्थिक व्यवहार नभई, राष्ट्रिय दायित्व हो ।

गौर हत्याकाण्ड

# अनुसन्धान अघि बढ्दा आरोपित सशंकित

**धर्मेन्द्र कुमार साह/मध्यान्ह**
रौतहट, १९ भदौ



२०६३ चैत ७ गते गौरको राईस मिलमा भएको झडपमा २७ जनाको हत्या भएको घटनाको अनुसन्धान प्रक्रिया अघि बढेपछि आरोपितहरू तनावग्रस्त देखिएका छन् । जिल्ला प्रहरी कार्यालय गौरमा दर्ता रहेका जाहेरी निवेदन तथा सर्वोच्च अदालतको परमादेशपछि प्रहरीले प्रारम्भिक अनुसन्धान सुरु गरेको छ ।

साथै, तत्कालिन समयमा रौतहटमा क्रियाशील राजनीतिकर्मी र नागरिक समाजका व्यक्तिहरूमाथि मुद्दा दर्ता भएको र अनुसन्धान अघि बढ्दा आरोपितहरूमा आशंका बढेको बताइएको छ ।

पूर्वप्रधानाध्यापक रामेश्वर राय यादवले अदालतको निर्णय र प्रहरी प्रक्रियाले मानसिक यातना दिएको बताए । उनले निदोषमाथि पनि जाहेरी दर्ता भएकोमा आक्रोश व्यक्त गर्दै आन्दोलन अन्तिम विकल्प रहेको बताए । जनमत पार्टीका जिल्ला इन्चार्ज शेख जम्शेदले सरकारको निष्क्रिय व्यवहारप्रति जनताले सडकबाट जवाफ फर्काउने चेतावनी दिए । अधिकांश आरोपितहरूले घटनामा आफ्नो कुनै भूमिका नरहेको दाबी गर्दै आएका छन् ।

उक्त हत्याकाण्डका लागि २०६४ असोज ११ गते ७ जना व्यक्तिहरूले अलग-अलग जाहेरी दर्ता गरेका थिए, जसबाट १ सय ३० जना माथि आरोपित बनाइएका हुन् । ७ वटा जाहेरीमा केही व्यक्तिहरूको नाम दोहोरिएको छ ।

प्रहरीले अनुसन्धान अघि बढाएको भएपनि यस विषयमा थप विवरण सार्वजनिक गरेको छैन । जिल्ला प्रहरी कार्यालय गौरका प्रहरी नायब उपरीक्षक राजु कार्कीका अनुसार अनुसन्धान प्रक्रिया अझै जारी छ । मधेश प्रदेश प्रहरी कार्यालयले पनि तीन पुस्ते संकलनको काम सुरु गरेको जनाएको छ ।

अहिलेसम्म ११ आरोपितको मृत्यु भइसकेको छ। मृतकमा गौर नगरपालिकाका पूर्वमेयर गौरीशंकर यादव, सर्वोच्च अदालतका पूर्वन्यायधीश बलराम सिंह कुँवर, रामकलेवर सिंह, संजिव कुमार यादव लगायतका व्यक्तिहरू छन् ।

अनुसन्धानमा प्रदेश सभाका पूर्वसदस्य, बहालवाला नगरप्रमुख, गाउँपालिका अध्यक्ष लगायतका नेताहरू समेत समावेश हुने बताइएको छ। यसमा मधेश केन्द्रित दलका नेताहरू, नेपाली कांग्रेस, नेकपा एमालेका नेता तथा नागरिक समाजका व्यक्तिहरू पनि पर्नेछन । गौरको उक्त झडपमा तत्कालिन मधेशी जनअधिकार फोरम र माओवादी निकटका राष्ट्रिय मधेशी मुक्तिमोर्चाका कार्यकर्ताबीच सभा विवादमा हिंसा भइ २७ जनाको हत्या भएको थियो । यस क्रममा सयभन्दा बढी घाइते भएका थिए। मृतकमा प्रतिमा खातुन, उषा थापा, चुनु ठाकुर, राजु पटेल, सरस्वती उप्रेती, रामशरण यादव लगायत रहेका छन् । घटनाको अनुसन्धान जारी रहेको र सबै आरोपितमाथि कानुनी दायरामा कारबाही अघि बढाइने प्रहरीले जनाएको छ ।

# एनसिसी कतारको पहलमा कास्कीका जोगलाल घर फर्किए



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १९ भदौ

गैरआवासिय नेपाली संघ (एनआरएनए) एनसिसी कतारको पहलमा कास्कीका जोगलाल विश्वकर्मा नेपाल फिर्ता भएका छन् । वैदेशिक रोजगारीको सिलसिलामा गत जुलाईमा कतार आइपुगेका कास्कीका विश्वकर्मा आएको डेढ महिनामै मानसिक समस्यामा परेपछि एनसिसी कतारको श्रमिक विभागले टिकट व्यवस्थापन गरी गत सोमवार राती नेपाल पठाएको हो । कास्कीको अन्नपूर्ण गाउँपालिकाका विश्वकर्मा कतारको सल्वा रोडमा रहेको बाफ अल मन्दी रेस्टुरेन्टमा कार्यरत रहँदा मानसिक समस्या देखिएपछि आवश्यक प्रक्रिया पूरा गरेर नेपाल पठाइएको एनसिसी कतारका श्रमिक विभाग संयोजक सन्तोष पौडेलले मध्यान्ह दैनिकलाई बताए। पौडेलले विश्वकर्माको काठमाडौंमा उनको परिवारसँग भेटघाट भइसकेको जानकारी आएको बताए ।

मानसिक समस्यामा परेको जानकारी पाएपछि निरन्तर खटेर उद्धार गर्ने एनसिसी कतारका श्रमिक विभागका संयोजकको टिम र कास्की आदर्श समाज कतारलाई एनसिसी कतारका अध्यक्ष कृष्ण पन्थीले धन्यवाद व्यक्त गरेका छन् । पन्थीले नेपाली श्रमिकका हरेक समस्यालाई प्राथमिकतामा राखेर आवश्यक सहयोग गरिने बताए । एनसिसी कतारले पछिल्लो समय हट लाइन नम्बर सञ्चालनमा ल्याएसँगै श्रमिकका गुनासाहरू सुन्न र समाधान गर्न सहज भएको पाइएको छ ।

# राजदूत ढकाललाई अल कासिममा भव्य स्वागत



**अन्जान गुभाजु/मध्यान्ह**
रियाद, १९ भदौ

साउदी अरेबियाका लागि नेपाली राजदूत नरेश विक्रम ढकाललाई अल कासिम भ्रमणका क्रममा इस्लामिक सेन्टर बुराइदाले मंगलबार विशेष कार्यक्रममार्फत भव्य स्वागत गरेको छ। सचेतक अलि हुसेनको समन्वयमा आयोजित कार्यक्रममा इस्लामिक सेन्टरका प्रमुख अबु फिरास अबु उमर, अबु अब्दुल्लाह सोहेम, अबु फहद तुवैजरी उपस्थित थिए । कार्यक्रममा गैरआवासीय नेपाली संघ (एनआरएनए) आइसिसी सदस्य विशाल श्रेष्ठ, एनआरएनए साउदी अरबका उपाध्यक्ष मनिष कोइराला, सचिव ध्रुव कटुवाल, आरसीसी अल कासिम अध्यक्ष बिनोद खड्का, उनैजा इस्लामिक सेन्टरका मुजीबू रहमानसहित इस्लामिक युनिभर्सिटीमा अध्ययनरत नेपाली विद्यार्थीहरू समेत सहभागी थिए ।

कार्यक्रममा सचेतक हुसेनले इस्लामिक सेन्टरले विगतदेखि नै समस्यामा परेका नेपाली श्रमिकलाई खाना, बसोबास र स्वदेश फर्कने सहयोग गर्दै आएको जानकारी दिँदै आगामी दिनमा पनि श्रमिक हितका लागि निरन्तर काम गर्ने प्रतिबद्धता जनाए ।

त्यस्तै, सामाजिक कल्याण तथा सचेतना विभाग प्रमुख अबु फेरासले नेपाली समुदायलाई प्राथमिकतामा राखेर सहयोगलाई अझ व्यवस्थित रूपमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे ।

समाजसेवी विशाल श्रेष्ठले सेन्टरको योगदानको प्रशंसा गर्दै 'नेपाली संघ-संस्था र सेन्टरबीचको सम्बन्ध नङ-मासुको जस्तै बलियो बनेको छ' भन्दै धन्यवाद ज्ञापन गरे ।

सो क्रममा राजदूत ढकालले इस्लामिक सेन्टरले श्रमिक हितमा गरेको योगदानको प्रशंसा गर्दै सचेतक हुसेनलाई विशेष धन्यवाद ज्ञापन गरे । उनले भने, 'हामी सबै मानव हौं, मानवताका आधारमा एकआपसमा सहयोगी भावनामा बाँचिरहनुपर्छ, दूतावासको तर्फबाट सहयोग निरन्तर रहन्छ ।' साथै, उनले सेन्टरका पदाधिकारीलाई नेपाल भ्रमणको निम्तो दिँदै आवश्यक सहयोग गर्ने आश्वासन पनि दिए।

कार्यक्रममा राजदूत ढकाललाई मायाको चिनो प्रदान गरिएको थियो । एनआरएनए उपाध्यक्ष मनिष कोइरालाले अल कासिम क्षेत्रमा नेपाली श्रमिकका लागि सेल्टर स्थापना गर्न माग पनि राखे । कार्यक्रममा उपस्थित सबैलाई सेन्टरले उपहार प्रदान गरेको थियो ।

**युएईमा रोजगार**
कम्पनी: FARZAND BLOGGING SERVICES — शहर: DUBAI
पूर्व स्वीकृत मिति:२०८२/०५/१८ — चलानी नं.: ६०२४४३९५ — L.T. No.:330576

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Nepali Light Driver | 2 | 0 | | 1500 | ५७,४२० | | | | | | | |
| 3. | Front Office Staff | 0 | 3 | | 1500 | ५७,४२० | | | | | | | |
| 4. | Office Boys | 3 | 0 | | 1200 | ४५,९३६ | | | | | | | |
| 5. | Sales Officer | 3 | 0 | | 1500 | ५७,४२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २७ गते (12 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**OMEGA POWER MINDS PVT.LTD.** Govt. Lic. No. 1178/073/074
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:cv.omegapowerminds@gmail.com

**साउदीमा रोजगार**
कम्पनी : JAWA HUMAN RESOURCES COMPANY — शहर: MANAMA
पूर्व स्वीकृत मिति: २०८२/०३/१९ — चलानी नं.: ६०२४०५६२ — L.T. No.: 325494 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load Unload Worker | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Packing& Packaging Worker | 67 | 0 | | 1000 | ३७,४८० | | | | | | | |

अन्तर्वार्ता ग्राण्ड प्यासीफिक होटल विर्तामोडमा २०८२ भदौ २७ गते (12 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD.**
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.), गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२
Kathmandu No: 9851122190, 9851041811, 9805865194, 9805865193, 9805865192, 9823301035
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४

**बहराइनमा रोजगार**
कम्पनी : PRO KLEEN SERVICES W.L.L — शहर: Bahrain
पूर्व स्वीकृत मिति : २०८२/०५/१९ — चलानी नं.: ६०२४४४५० — L.T. No.: 330588

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 75 | 5 | स. काममा दक्ष | 100 | ३७,२९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ELITE FACILITY MANAGEMENT CO.S.P.C — शहर: Bahrain
पूर्व स्वीकृत मिति: २०८२/०५/१९ — चलानी नं.: ६०२४४४५१ — L.T. No.: 330587

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 150 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ३७,२९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Worker(Cleaning Sector) | 50 | 0 | | 100 | ३७,२९९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २७ गते (12 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Easy Overseas — Gov Lic No. : 1261/074/75
**EASY OVERSEAS PVT. LTD.**
Basundhara, Kathmandu, Tel.:01-4016539

## Invitation for Bids

**IFB No: 01/IDOMAK/082-83, First Date of publication: 2082/5/20**

1. IDO, Makawanpur invites electronic bids from Nepalese eligible bidders for the following projects under National Competitive Bidding Single Stage Single Envelope Bidding procedure.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website www.bolpatra.gov.np/egp.

| SN | Contract Id No. | Name of Projects | Estimated Amount with VAT (NRs) | Bid Security Amount (NRs) |
|---|---|---|---|---|
| 1 | IDOMAK/W/NCB/01/082/83 | Upgrading Of Aale Thokar Road, Bagamati-08, Ekikrit Krishi Firm Dekhi Aapkholsi Kiriyaputri Bhawan Road, Bagamati-07, Woda Karyalaya Dekhi Ghaiyabari Road, Bagamati-07, Dhansai School Road, Bagamati-07, Mansai Toribari Road, Bagamati-07, Sherpachaur Mathi Ratomate Road, Bagamati-06, Makawanpur | 1,15,89,083.72 | 2,56,500 |
| 2 | IDOMAK/W/NCB/02/082/83 | Upgrading work of Gogane Bhanjyang Road, Bhimphedi -02, Makawanpur | 24,14,064.45 | 55,000 |
| 3 | IDOMAK/W/NCB/03/082/83 | Upgrading work of Gumba Pokhari Road, Bhimphedi-2, Makawanpur | 24,14,858.68 | 55,000 |
| 4 | IDOMAK/W/NCB/04/082/83 | Upgrading work of Amling Basante Road, Bhimphedi-3, Makawanpur | 24,11,737.85 | 55,000 |
| 5 | IDOMAK/W/NCB/05/082/83 | Upgrading work of Golping Daanda Road, Bhimphedi-4, Makawanpur | 24,14,628.15 | 55,000 |
| 6 | IDOMAK/W/NCB/06/082/83 | Upgrading work of Damar Mathan Suping Road, Bhimphedi-5, Makawanpur | 24,14,533.96 | 55,000 |
| 7 | IDOMAK/W/NCB/07/082/83 | Upgrading work of Dhorsing Chapaghari Jurikhet Road, Bhimphedi-6, Makawanpur | 24,14,089.86 | 55,000 |
| 8 | IDOMAK/W/NCB/08/082/83 | Upgrading work of Purandi to Salemale daanda Road, Indrasarowar-4, Makawanpur | 21,23,091.77 | 47,000 |
| 9 | IDOMAK/W/NCB/09/082/83 | Upgrading work of Baniya Tole, Thing Tole, Mahachuni Road, Indrasarowar-5, Makawanpur | 19,31,409.95 | 45,000 |
| 10 | IDOMAK/W/NCB/10/082/83 | Upgrading of Bajyu Tole to Jwaladevi School, Magartole Road, Makawanpurgadhi-4, Makawanpur | 23,91,193.62 | 55,000 |
| 11 | IDOMAK/W/NCB/11/082/83 | Upgrading work of Rudra Batika to Krishi Jodne Sadak, Makawanpurgadhi-4, Makawanpur | 24,14,738.15 | 55,000 |
| 12 | IDOMAK/W/NCB/12/082/83 | Upgrading of Basantpur Mil to Raitole Road, Basantpur Sirantole Road and Dandibaari To Dalechok Road, Manahari RM-05, Makawnpur | 86,92,196.58 | 1,93,000 |
| 13 | IDOMAK/W/NCB/13/082/83 | Upgrading of Sarikhet Palase Road, Raksirang RM-03, Makawanpur | 24,14,485.47 | 54,000 |
| 14 | IDOMAK/W/NCB/14/082/83 | Upgrading of Gaurigai Road and Upgrading of Halka Naya Ghar Tole Kundali Road, , Thaha-12, Makawanpur | 32,83,638.52 | 73,000 |
| 15 | IDOMAK/W/NCB/15/082/83 | Upgrading of Okharbazar Furkhe Basanta Road, Thaha-01, Makawanpur | 24,14,441.73 | 54,000 |
| 16 | IDOMAK/W/NCB/16/082/83 | Upgrading of Police Station Bharta to Kokrey Basti Road, Kailash-03, Makawanpur | 19,31,514.80 | 43,000 |
| 17 | IDOMAK/W/NCB/17/082/83 | Upgrading of Beteghari Chowk to Jyagey Roada and Upgrading of Khatri Dada to Syamrang Road, Kailash-10, Makawanpur | 43,45,949.73 | 97,000 |
| 18 | IDOMAK/W/NCB/18/082/83 | Upgrading of Bhadaurey Gumba Road, Bhimphedi-9, Makawanpur | 24,14,415.30 | 54,000 |

3. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egp and details of cost of bid documents, bid validity, bid submission and opening dates for aforementioned projects are as follows

| S. N. | Bid Document Fees, Nrs | Bid Validity Period | Bid Security Validity Period | Pre-bid meeting Date and Time | Last date of submission Date and Time | Opening Date and Time |
|---|---|---|---|---|---|---|
| 1 | 3,000.00 | 90 days | 120 days | 2082/6/10 Time: 11:00am | 2082/6/20 Time: 12:00pm | 2082/6/20 Time: 1:00pm |

4. Bank Details for Bid Document Fee are as follows

| S. N. | Name of Bank | Office Name | Rajaswo Shirshak No | Deposit Account No | Office Code no |
|---|---|---|---|---|---|
| 1 | Rastriya Banijya Bank Ltd. | Infrastructure Development Office, Makawanpur | 14229 | 1000100200010000 | 3370132033 |

5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specifiedfor the original last date of bid submission.

**Infrastructure Development Office**
Makawanpur

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२० भदौ २०८२ शुक्रबार
5 September 2025 Friday

# प्रिमियरमा 'रिमै'को प्रशंसा



**काठमाडौं/मस–** आज शुक्रबारदेखि प्रदर्शनमा आउने नेपाली फिल्म 'रिमै'को प्रिमियर बुधबार साँझ राजधानीको रञ्जना सिनेप्लेक्समा सम्पन्न भएको छ ।

कार्यक्रमको सुरुवात गुरुङ समुदायको सांस्कृतिक झाँकी स्वरूप प्रस्तुत गरिएको सोरठी नाचले गरिएको थियो । मुख्य कलाकार दयाहाङ राई र ८ वर्षपछि पर्दामा फर्किएकी नायिका रिश्मा गुरुङ गुरुङ भेषभूषामा सजिएका थिए ।

फिल्म प्रदर्शनअघि हलमा उपस्थित कलाकार, फिल्मकर्मी र दर्शकले सकारात्मक प्रतिक्रिया व्यक्त गरेका थिए । अभिनेता तथा निर्देशक विल्सन विक्रम राईले रिमै मन छुने र गुरुङ समुदायमाथि बनेको उत्कृष्ट फिल्म रहेको भन्दै खुलेर प्रशंसा गरे । त्यस्तै, फिल्ममा अभिनय गरेका माओत्से गुरुङले पनि यो फिल्म सबै समुदायका दर्शकले हेर्नुपर्ने बताए ।

गायक थानेश्वर गौतमले फिल्मले आफूलाई पटक-पटक भावुक बनाएको प्रतिक्रिया दिए । यो सबै नेपालीले हेर्नैपर्ने चलचित्र रहेको बताउँदै उनले गुरुङ संस्कृतिलाई यसले अत्यन्तै सुन्दर ढंगले प्रस्तुत गरेको उल्लेख गरे ।

मुख्य आकर्षण बनेकी अभिनेत्री रिश्मा गुरुङले लामो अन्तरालपछि कमब्याक गर्न पाएकोमा उत्साह व्यक्त गरिन् । उनले दर्शकलाई फिल्मलाई 'कबड्डी'सँग तुलना नगर्न आग्रह गरिन् । मैयाँ र काजीको जोडी फेरि देखिँदा त्यस्तो लागे पनि 'रिमै'को कथा बिलकुल फरक रहेको उनले बताइन् ।

फिल्मका निर्देशक खिलबहादुर गुरुङले विगत तीन वर्षको मेहनत प्रिमियरमा पाएको सकारात्मक प्रतिक्रियाले सार्थक भएको बताए ।

उपेन्द्र सुब्बाको पटकथा र शैलेन्द्रध्वज कार्कीको छायांकन रहेको फिल्ममा दयाहाङ राई र रिश्मा गुरुङसँगै अर्पण थापा, गौमाया गुरुङ, कविता आले मगर, माओत्से गुरुङ, पुस्कर गुरुङ, वीरमाया गुरुङ, वीरबल घलेलगायत कलाकारको अभिनय छ । फिल्मका कार्यकारी निर्माता बिरबल घले हुन् भने संगीत दीपक शर्मा र थानेश्वर गौतमले दिएका छन् ।

# 'वरिष्ठ बलराम'को पोस्टर र टिजर सार्वजनिक

**काठमाडौं/मस–** निर्देशक सुरेन्द्र पौडेलको निर्देशनमा बनेको फिल्म 'वरिष्ठ बलराम'को फर्स्टलुक पोस्टर र टिजर सार्वजनिक गरिएको छ । आगामी कात्तिक ६ गते (भाइटीकाको दिन) बाट प्रदर्शनमा आउने फिल्ममा मुख्य भूमिकामा दयाहाङ राई र विजय बराल छन् ।

सार्वजनिक टिजरमा दयाहाङ र विजय आमनेसामने उभिएका दृश्य देखाइएको छ, जसले कथामा हुने गहिरो द्वन्द्वलाई संकेत गर्छ । गाडीमा हुइँकिँदै आएका दयाहाङलाई विजयको नेतृत्वमा आएको समूहले बाटो छेक्ने दृश्यले कथा सामाजिक तनाव र संघर्षमा आधारित रहेको झल्काउँछ । दयाहाङको भेषभूषा र गेटअप हेर्दा उनी नेता वा व्यापारीको भूमिकामा देखिन सक्ने अनुमान गर्न सकिन्छ ।

पोस्टरमा दयाहाङ र विजयसँगै समृद्धि अर्याल, पशुपति राई, माओत्से गुरुङ, प्रदीप चौधरी, भोलाराज सापकोटा लगायतका कलाकारहरू क्यारेक्टर लुक्समा प्रस्तुत गरिएको छ ।

फिल्ममा निर्देशक पौडेलकै कथा र सम्पादन रहेको छ भने पटकथा महेश दवाडीले लेखेका हुन् । वृषभ सिद्धि इन्टरटेनमेन्टको प्रस्तुतिमा आन्भी फिल्म्सको सहकार्यमा बनेको यस फिल्मका निर्मातामा आशिष एच. तामाङ र श्रीराज कार्की छन् । कार्यकारी निर्माता प्रदीप जी. धामी र पुस्कर बी. घिमिरे हुन् ।

चितवनमा छायांकन गरिएको यस सामाजिक कथानकमा मानकृष्ण महर्जनले क्यामेरा सम्हालेका छन् । फिल्ममा प्रशान्त सिवाकोटी र विशेष पाण्डेको संगीत, सम्राट शाक्यको एक्सन निर्देशन, प्रदीप लामाको कोरियोग्राफी समावेश छ ।

यो फिल्म निर्देशक पौडेलको चौथो निर्देशन हो । सम्पादकको रूपमा स्थापित उनी पछिल्लो समय निर्देशनमा सक्रिय हुँदै आएका छन् ।


## भुल सुधार

मिति २०८२/०५/१९ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यूएईमा रोजगार शिर्षक कम्पनीको नाम: **KUWAIT FOOD CO AMERICANA MAIN OFFICE ONE PERSON COMPANY L.L.C,** **पूर्व स्वीकृत मितिः २०८२/०५/१८ गते चलानी नं.: ६०२४४३०८, L.T. No.:330481** को विज्ञापनमा अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २६ गते **(11 September 2025)** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**SAHEEL WORLD CONNECT SERVICES PVT.LTD.**
Govt. Lic. No. 1753/081/082
KMC-04, Kathmandu, Nepal.
Tel: 01-4547295, 9841864583,
Email: saheelworldconnect@gmail.com


**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**

## दावी विरोध सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८२/०५/२०**

यस विभागबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री **All Cornice Overseas Service Pvt. Ltd.** **(इ.प.नं. ८४३/०६६/०६७)** को **साविकको ठेगाना काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ०४ परिवर्तन गरी काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २६** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**

## दावी विरोध सम्बन्धी सूचना

यस विभागबाट वैदेशिक रोजागर व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री S. S. K. Manpower Services PVT. LTD.** (GOOD LUCK MANPOWER SERVICES) (इ.प.नं. १५६१/०७९/०८०) को साविकको ठेगाना **काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ०२** परिवर्तन गरी **काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ०९** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता तथा समन्वय शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


## Saudi मा रोजगार
**CATRION Laundry for Operation and Maintenance Company**
पुनः विज्ञापन, पूर्व स्वीकृति मितिः २०८१/१२/५ चलानी नं.: ६०२३४७४७ LT No. 320579

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Lundry Boys | 1 | 0 | [illegible] | 1500 | ५६,३२०।- | क.नि. अनुसार | [illegible] | [illegible] | क.नि. अनुसार | छ | [illegible] |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०८२ भाद्र २७ गते (12 Sept., 2025) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ ।**

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
श्रम इजाजत नं.: ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, फोन: ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@luckyhrsolution.com

## SAUDI मा रोजगार
**Magic Brands Company**
पूर्व स्वीकृती मितिः २०८२/५/१८ चलानी नं. : ६०२४४४५३ LT No. 330575

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Food & Beverage Controller | 4 | [illegible] | 1000 | ३७,५५०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तरवार्ता २०८२ भाद्र २७ गते (12 Sept., 2025) यस प्रा. लि. को कार्यालय ललितपुरमा हुनेछ ।**

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.**
श्रम इजाजत नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, थसिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

## यूएई र ओमनमा रोजगार
कम्पनी: **AL REEM CARPENTRY** शहर : UAE
पूर्व स्वीकृत मिति: २०८२/०५/१८ चलानी नं.: ६०२४४४११ LT. No.: 330584

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 7 | 0 | स. काममा दक्ष | 1500 | ५७,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: **WAHJ AL MAALI TRADING** शहर : OMAN
पूर्व स्वीकृत मिति: २०८२/०५/१८ चलानी नं.: ६०२४४४१० LT. No.: 330643

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब OR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Icecream Maker | 1 | 0 | स. काममा दक्ष | 150 | ५४,७८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २७ गते (12 September 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता शाखा कार्यालय काठमाडौंमा २०८२ भदौ २८ गते (13 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**K.S.B. INTERNATIONAL PVT. LTD.**
Govt. Lic. No. 1394/074/075
Sinamangal, Kathmandu, Nepal, Tel.: 01- 4584933, Mo. 9866241297.
E-mail : info@ksbinternational.net, Web.: www.ksbinternational.net
Itahari Contact No: 025-590813, 9842291471

## साइप्रसमा रोजगार
कम्पनी : **RED PANDA EMPLOYMENT PRIVATE EMPLOYMENT AGENCY** शहर: LIMASSOL
पूर्व स्वीकृत मिति: २०८२/०५/१८ चलानी नं.: ६०२४४४३८ LT. No.: 330582

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 20 | स. काममा दक्ष | 400 | ६५,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ भदौ २७ गते (12 September 2025) मा हुनेछ ।**

